मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



KHWOPA COLLEGE

Dekocha, Bhaktapur-6

ADMISSION OPEN

BBM, BBS, BA, BA Social Work, BSc. Physics, BSc Envt. Science & B.Ed.

www.khwopacollege.edu.np

For Admission QR Code

Contact : 6618031



★ वर्ष : २८ ★ अङ्क : १६९ ★ ने. सं. ११४६ तछला गा, द्वादशी ★ शनिबार ★ २७ असार, २०८३ ★ July 11 , 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




जनगणतन्त्र चीनको औपचारिक भ्रमणमा आउनुभएका कोरियाली मजदुर पार्टी केन्द्रीय समिति पोलिटब्युरो सदस्य, प्रजातान्त्रिक जनगणतन्त्र कोरिया राष्ट्रिय मामिला आयोगका उपाध्यक्ष एवं प्रधानमन्त्री पाक थाय सोङलाई जन बृहत् सभागृहमा स्वागत गर्नुहुँदै चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव, चिनियाँ राष्ट्राध्यक्ष एवं केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी चिनफिङ जुलाई १०, २०२६ का दिन । दुई नेताबिच दुई देशको रणनीतिक सम्बन्धलाई मजबुत बनाउँदै दुई देशबिचका सहयोग सम्झौता कार्यान्वयनलाई गति दिने सहमति भएको चीनको परराष्ट्र मन्त्रालयले जनाएको छ । *तस्बिर : सिन्ह्वा*

# बुढानीलकण्ठ नगरपालिकाका उपप्रमुख अनिता लामासहितको टोली भक्तपुरमा



भक्तपुर, असार २६ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग बुढानीलकण्ठ नगरपालिकाकी उपप्रमुख अनिता लामाको नेतृत्वमा आएको टोलीले भेट गर्‍यो । उक्त भेटमा ख्वप अस्पतालको सञ्चालन, व्यवस्थापन विषयमा अनुभव आदानप्रदान भयो ।

भेटको क्रममा नगर प्रमुख सुनिल प्रजापतिले सरकारद्वारा सञ्चालित अस्पताल, विद्यालय, कलेज तथा विश्वविद्यालयहरू नाफा कमाउने उद्देश्यले नभई जनसेवाका लागि सञ्चालन गरिनुपर्ने बताउनुभयो । उहाँले ख्वप अस्पताल पनि सोही उद्देश्यअनुसार स्थापना भई सञ्चालन भइरहेको उल्लेख गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले कोभिड १९ को महामारीको बेला जनसहभागितामार्फत अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गरिएको उल्लेख गर्दै त्यसले कोभिडका समयमा धेरै बिरामीको ज्यान जोगाउन महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

उहाँले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत सरकारले सोधभर्ना रकम उपलब्ध गराउन ढिलाइ गरे पनि ख्वप अस्पतालले जनतालाई सेवा दिन कुनै अवरोध हुन नदिई निरन्तर सेवा प्रवाह गरिरहेको जानकारी दिनुभयो ।

उपप्रमुख अनिता लामाले बुढानीलकण्ठ नगरपालिकाअन्तर्गत दुई वर्षअघि स्थापना भएको १५ शय्याको बुढानीलकण्ठ नगर अस्पतालले हालसम्म करिब एक लाख सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रदान गरिसकेको जानकारी दिनुभयो ।

उहाँका अनुसार अस्पतालले ओपीडी, सामान्य उपचार, मातृ तथा शिशु स्वास्थ्य सेवा, खोप, प्रयोगशाला परीक्षणलगायत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउँदै नगरपालिकाले अस्पतालको पूर्वाधार तथा सेवाको गुणस्तर सुधारमा निरन्तर लगानी गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाको अनुशासित कार्यशैली र सेवा व्यवस्थापनबाट आफूहरू प्रभावित भएको बताउँदै ख्वप अस्पतालको सञ्चालन प्रणालीबाट सिक्न अध्ययन भ्रमणमा आएको स्पष्ट पार्नुभयो ।

विशेष गरी स्वास्थ्य बीमा कार्यक्रम हाल समस्याग्रस्त रहेको अवस्थामा पनि ख्वप अस्पतालले कसरी सेवा प्रवाहलाई निरन्तरता दिएको भन्ने विषय बुझ्न आफूहरू इच्छुक रहेको उहाँको भनाइ थियो ।

उपप्रमुख लामाले भक्तपुरको भ्रमणबाट अस्पताल सञ्चालन, व्यवस्थापन र स्वास्थ्य सेवा प्रवाहका सम्बन्धमा उपयोगी अनुभव प्राप्त भएको बताउँदै आगामी दिनमा ती सिकाइलाई बुढानीलकण्ठ नगर अस्पतालको सेवा सुधारमा उपयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

भेटपश्चात् नगर प्रमुख प्रजापतिले उपप्रमुख लामालाई मयुरको झ्याल र नगरपालिकाका प्रकाशनहरू उपहार स्वरुप प्रदान गर्नुभयो ।

उक्त भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, बुढानीलकण्ठ नगरपालिका वडा नं. १० का वडाध्यक्ष नवराज भट्टराई, कार्यकारी अधिकृत गोपाल पोखरेल र अस्पताल निर्देशक सुधाँशु झालगायतको उपस्थिति थियो ।

बुढानीलकण्ठ नगरपालिकाकी उपप्रमुख अनिता लामाको नेतृत्वमा आएको टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको स्थलगत निरीक्षण गरेको थियो । निरीक्षणको क्रममा टोलीले अस्पतालमा उपलब्ध स्वास्थ्य सेवाहरू, अत्याधुनिक उपकरण, अक्सिजन प्लान्ट, प्रयोगशाला, सिटी स्क्यान, आकस्मिक सेवा तथा अस्पतालको समग्र व्यवस्थापनबारे जानकारी लिएको थियो ।

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ५१

**ग्लोबल कलेज काठमाडौंका सूचना अधिकारी धर्मराज ओझाको कागज व्यहोरा :**

म काठमाडौं ग्लोबल कलेजमा कार्यरत छु । २०८२ भदौ २३ गते बिहान ११:०० बजे कलेज छुट्टी भएपश्चात् केही विद्यार्थी कलेज बसमा आफ्नो घर गए । सोही क्रममा श्रीयम चौलागाइँ र सम्राटजङ्ग कार्कीले चालक कर्णबहादुर पुलामीलाई कन्भिन्स गरी भरोसा अस्पताल नजिक झरेर प्रदर्शनमा सहभागी हुन गएका रहेछन् । सोही दिन करिब १७:०० बजेतिर मात्र हामीलाई बानेश्वरमा गोली चलेको जानकारी प्राप्त भयो । सञ्चार माध्यममा मृतकको फोटो आएपछि हाम्रो कलेजका विद्यार्थीसमेत हताहत भएको जानकारी भयो । सामाजिक सञ्जालमा सो दिन ग्लोबल कलेजको होस्टेलमा छात्राहरूमाथि दुर्व्यवहार भएको अफवाह फैलिएको जानकारी प्रहरीले गराएको थियो ।

भदौ २४ गते प्रदर्शनकारीहरूले कलेजमा पसेर तोडफोड तथा आगजनी गरी क्षति पुर्‍याए । हालसम्म क्षतिअनुसारको पुन:निर्माण गर्दा लाग्ने बीमा रकम प्राप्त हुन सकेको छैन ।

**ओरियन्ट कलेज बसुन्धाराका कार्यक्रम निर्देशक तुलसीराम भण्डारीको कागज व्यहोरा :**

म बसुन्धारास्थित ओरियन्ट कलेजमा कार्यरत छु । २०८२ भदौ २३ गते दिनको करिब १२:०० बजे नयाँ बानेश्वर क्षेत्र तनावग्रस्त भएको समाचार सुनेपछि सम्पूर्ण अभिभावकलाई जानकारी गराइ अन्दाजी १२:३० बजे क्लास बन्द गरी बच्चाहरूलाई घर पठाइएको थियो । उक्त दिनको प्रदर्शनमा हाम्रो कलेजबाट ४ जना विद्यार्थी कलेज ड्रेसमै सहभागी भएको पछि थाहा पायौं । उक्त दिन निजहरू कलेजमा अनुपस्थित रही घरबाटै आन्दोलनमा सहभागी हुन गएको बुझिएको छ ।

**डा. तोषिमा कार्कीको कागज व्यहोरा :**

भदौ २३ गते म संसदीय समितिको बैठकमा थिएँ । बिहान करिब १०:३० बजे बानेश्वर क्षेत्रमा आन्दोलन चर्किएको थाहा पाएपछि म गाडी चढेर बानेश्वरतर्फ


*बाँकी पृष्ठ २ मा*


# अमेरिका–इरान द्वन्द्व जारी

दुबई, २६ असार (एएफपी) । संयुक्त राज्य अमेरिका र इरानबिचको सैन्य तनाव थप चुलिएको छ । अमेरिकाले इरानका विभिन्न लक्ष्यमा आक्रमण गरेपछि इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य अड्डा तथा सहयोगी राष्ट्रहरूलाई लक्षित गर्दै क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको जनाएको छ । यसबिच पूर्व इरानी सर्वोच्च नेता अली खमेनीलाई उहाँको गृहनगर मशहदमा अन्त्येष्टि गरिएको छ भने इजरायलले आवश्यक परे इरानविरुद्ध पुन: सैन्य कारबाही गर्न तयार रहेको चेतावनी दिएको छ ।

इरानी सरकारी सञ्चारमाध्यमका अनुसार खमेनीलाई मशहदस्थित इमाम रेजा मन्दिर परिसरको स्मारक हलमा दफन गरिएको हो । अन्त्येष्टिका क्रममा हजारौं समर्थक सडकमा उत्रिएका थिए । धेरैले शिया परम्परामा प्रतिशोधको प्रतीक मानिने रातो झण्डा बोकेका थिए । राजधानी तेहरानबाट मशहदसम्मको रेल सेवा अमेरिकी आक्रमणका कारण मार्गमा क्षति पुगेको भन्दै अस्थायी रूपमा स्थगित गरिएको पनि सरकारी टेलिभिजनले जनाएको छ ।

इरानी सञ्चारमाध्यमले बुसेहर बाहिर रहेको सैन्य मुख्यालय अमेरिकी–इजरायली क्षेप्यास्त्रको निशानामा परेको दाबी गरेका छन् । यद्यपि एक अमेरिकी रक्षा अधिकारीले हाल अमेरिकाले इरानमाथि नयाँ आक्रमण नगरेको स्पष्ट पारेका छन् ।


*बाँकी पृष्ठ २ मा*



**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी-२, भक्तपुर

**कर दस्तुर बुझाउने सम्बन्धमा भक्तपुर नगरपालिकाको अनुरोध**

भक्तपुर नगरपालिकामा बुझाउनुपर्ने आ.व. २०८२।०८३ को सम्पत्ति (घर जग्गा) तथा भूमिकर (मालपोत), व्यवसाय कर, घर बहाल कर, सफाइ शुल्क आदि कर तथा शुल्कहरू यही २०८३ असार मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरी बुझाउन हुन सम्पूर्ण नगरवासी करदाताहरूमा अनुरोध छ । समयमा कर नबुझाए हर्जना (ब्याज) लाग्ने व्यहोरासमेत जानकारी गराइन्छ ।

**भक्तपुर नगरपालिका**

# जनप्रतिनिधि तथा खोकनाका प्रभावित किसानबिच छलफल



ललितपुर, २६ असार । काठमाडौँ-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) आयोजनासम्बन्धी विषयमा सरोकारवाला पक्ष र खोकना जनसरोकार समितिबिच संवाद तथा समन्वयका प्रयासहरू निरन्तर अघि बढाइएका छन् ।

यसैबिच असार २२ गते सांसद तोसिमा कार्कीको समन्वयमा सांसद बुद्धरत्न महर्जन, राष्ट्रिय योजना आयोगका प्रतिनिधि, नेपाल आदिवासी जनजाति महासङ्घ, जनसरोकार समिति खोकना-बुङ्मती, प्रभावित किसान, ज्यापु महागुठी, नेवा: देय् दबूलगायत विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधिहरूको सहभागितामा पूर्वाधार विकास तथा यातायात मन्त्री सुनिल लम्सालसँग समन्वय तथा छलफल बैठक भएको थियो ।

बैठकमा खोकना र बुङ्मती क्षेत्रमा प्रस्तावित द्रुतमार्गका कारण उत्पन्न विवाद, ऐतिहासिक तथा सांस्कृतिक सम्पदामा पर्ने प्रभाव, गुठी जग्गा संरक्षण तथा स्थानीय समुदायका सरोकारका विषयमा विस्तृत छलफल भएको थियो । छलफलपछि माननीय मन्त्री सुनिल लम्सालले राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजङ थापालाई खोकना-बुङ्मतीसँग सम्बन्धित विवादलाई यथाशीघ्र समाधान गर्न आवश्यक पहल गर्न तथा ऐतिहासिक सम्पदा र गुठी जग्गाको संरक्षणलाई प्राथमिकतामा राखेर समन्वय गर्न निर्देशन दिनुभएको थियो ।

उक्त निर्देशनअनुसार असार २५ गते सांसद तोसिमा कार्की, पूर्वाधार विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय सरकारका प्रतिनिधि, प्राविधिक टोली तथा स्थानीय समुदायको सहभागितामा खोकनाको सिकाली मन्दिरदेखि डुकुछापसम्म स्थलगत अवलोकन (फिल्ड भिजिट) सम्पन्न गरिएको थियो ।

स्थलगत अवलोकनको क्रममा आयोजनाको वर्तमान अवस्था, प्रस्तावित मार्ग, प्रभावित ऐतिहासिक, सांस्कृतिक तथा गुठी क्षेत्र, स्थानीय समुदायका सरोकार तथा सम्भावित वैकल्पिक व्यवस्थाका विषयमा प्रत्यक्ष जानकारी लिइएको थियो । सहभागीहरूले स्थानीय समुदायका धारणा सुन्दै आवश्यक सुझाव आदानप्रदान गरेका थिए ।

स्थलगत अवलोकनपछि सहभागी पक्षहरूबिच खोकना-बुङ्मतीको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदा, गुठी जग्गा र उर्वर कृषि भूमि संरक्षणलाई प्राथमिकता दिँदै द्रुतमार्ग आयोजनाको दीर्घकालीन तथा दिगो समाधान खोज्नुपर्ने विषयमा साझा समझदारी बनेको जनाइएको छ । विकास आयोजना कार्यान्वयन गर्दा सम्पदा संरक्षण, स्थानीय समुदायको अधिकार तथा सार्वजनिक हितलाई समान रूपमा सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याइएको थियो ।

# वर्षामा बीपी राजमार्ग : अवरुद्ध भए आधा घण्टामै खुलाइने

काभ्रेपलाञ्चोक, २६ असार । पटक-पटकको बाढीपहिरोले क्षतिग्रस्त भई पुनर्निर्माण थालिएको बीपी राजमार्गको काभ्रेपलाञ्चोक-सिन्धुली खण्डमा अब अवरुद्ध भए आधा घण्टामै खुलाउने गरी तयारी गरिएको छ । पुनर्निर्माणसँगै अबको केही दिनभित्रै पुनर्निर्मित ट्र्याकबाटै सवारी सञ्चालन गरिने डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

नेपालको पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्ने छोटो दूरीको उक्त राजमार्गमा यसअघि वर्षा हुनेबित्तिकै अवरुद्ध हुने गरेको थियो । हाल कार्यालयले वर्षामा सकेसम्म राजमार्ग अवरुद्ध हुनै नदिने भइहालेको खण्डमा आधा घण्टाभित्रै सञ्चालनमा ल्याउने तयारी गरेको छ ।

"वर्षायामलाई मध्यनजर गर्दै केही दिनमै खण्डखण्डमा पुनर्निर्मित ट्र्याकबाटै पूर्ण रूपमा सवारी आवागमन हुनेछ, विपद्का कारण अवरुद्ध भएमा आधा घण्टामै खुलाउने गरी तयारी भइसकेको छ, यसका लागि आवश्यक उपकरण तम्तयारी अवस्थामा राखिएको छ," कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले भन्नुभयो ।

उहाँका अनुसार साविककै स्थानमा पुन:निर्माण भएका अधिकांश खण्डबाट आवागमन भइरहेको छ । यसअघि भने खोलामै अस्थायी डाभइभर्सन बनाइएकाले रोशी खोलाको बहाव बढ्नेबित्तिकै डाइभर्सन बगाउने र सडक अवरुद्ध हुने गरेको थियो ।

सिनियर डिभिजनल इन्जिनियर योगेशका अनुसार चौकीडाँडादेखि कटुञ्जेबेँसी, लाप्कोट, चारसयबेँसी, नार्के, चिउरीबास, बोक्सीकुना हुँदै पिप्लेसम्म पुरानै ट्र्याकबाट सवारी चलाइएको छ । चौकीडाँडा, चारसयबेँसी, घुमाउनेबेँसी, बोक्सीकुना, चिउरीबास, कालढुङ्गा तथा पिप्ले-बर्खेखोला क्षेत्रलाई कार्यालयले उच्च जोखिमयुक्त स्थानका रूपमा पहिचान गरेको छ । क्षतिग्रस्त स्थानमा ग्राभेलको काम तथा अन्य केही स्थानमा वर्षाका ठुला ढुङ्गा राखेर सडक तयार गरिएको छ ।

विसं २०८१ असोजको बाढीपहिरोले राजमार्गको भकुन्डेबेँसीदेखि नेपालथोकसम्मको करिब ३० किलोमिटर सडकमा क्षति पुर्‍याएको थियो । सवारी सञ्चालन गर्न रोशी खोलामा अस्थायी रूपमा बनाइएको डाइभर्सन पनि बाढीले बगाउने गरेको थियो ।

क्षतिग्रस्त चार खण्डमध्येको खण्ड बर्खेखोलादेखि पिप्लेसम्मको ३.२ किलोमिटर सडक निर्माणको काम जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले गरिरहेको छ । जाइकाले उक्त खण्डमा माटो भरेर बोल्डर (ठुला ढुङ्गा) राख्ने काम गरिरहेको छ । राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फ तीन र सिन्धुलीतर्फ एक गरी चार प्याकेज बनाएर ठेक्का सम्झौता गरिएको छ ।

"पुन:निर्माण हुने सडकखण्ड दुई लेनको छ । हाल सञ्चालनमा रहेको पुलसँगै अर्को नयाँ पुल निर्माण गरिन्छ," योगेशले भन्नुभयो । उहाँका अनुसार पाँचवटा पुललाई दुई लेनमा परिणत गर्ने योजना छ । क्षतिग्रस्त कुल २९.५ किलोमिटर सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३.२ किलोमिटर सडकलाई जाइकाले रु. दुई अर्ब ६३ करोडबराबरको अनुदान उपलब्ध गराउने समझदारी भएको छ ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ देखि बीपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किमि सडक) निर्माण सुरु गरिएको थियो । ***रासस***

# एक वर्षमा १० भारतीयसहित १६ जनाको लेक लागेर मृत्यु

मुस्ताङ, २६ असार । हिमाली जिल्ला मुस्ताङमा चालु आर्थिक वर्ष २०८२/०८३ को एक वर्षमा लेक लागेर दश भारतीय नागरिकसहित १६ जनाको मृत्यु भएको छ ।

प्रदेश अस्पताल जोमसोमका अनुसार चालु वर्षको साउनदेखि हालसम्म मुस्ताङ भ्रमणमा आएकामध्ये दस भारतीय, पाँच नेपाली र एक जना मेक्सिकोका नागरिकको पर्वतीय 'हाईअल्टिच्युड' का कारण लेक लागेर निधन भएको हो ।

गत भदौ र असोजमा एक-एक, कार्तिकमा तीन, मङ्सिरमा दुई, चैतमा दुई, वैशाखमा चार र जेठ महिनामा तीन जनाको लेक लागेर ज्यान गएको मेडिकल सुपरिटेन्डेन्ट डा. समीक्षा कँडेलले जानकारी दिनुभयो । हाईअल्टिच्युडका कारण लेक लागेर मृत्यु हुनेमा ५० वर्षदेखि ८४ वर्ष उमेर समूह पर्यटक तथा तीर्थयात्री रहेको उहाँले जानकारी दिनुभयो ।

गत आव २०८१/०८२ मा लेक लागेर नौ जनाको मृत्यु भएको थियो । त्यस आर्थिक वर्षमा पाँच भारतीय, तीन नेपाली र एक जना अमेरिक नागरिकले लेक लागेर ज्यान गुमाएका हुन् । मुस्ताङ पुगेका पर्यटक तथा तीर्थयात्रीले स्वास्थ्य सुरक्षामा आवश्यक सावधानी नअपनाउँदा मानवीय क्षति हुन पुगेको हो ।

देश तथा विदेशका समथर ठाउँबाट हिमाली जिल्लामा यात्रा गर्ने पर्यटक तथा दर्शनार्थीलाई हाईअल्टिच्युडका कारण अक्सिजनको लेवल कम भई लेक लाग्ने समस्या देखिन गरेको डा. कँडेलले बताउनुभयो ।

मुस्ताङ आउने पर्यटकमध्ये शारीरिक रूपले अशक्त, ज्येष्ठ नागरिक र दीर्घरोगका नियमित औषधि सेवन गर्ने पर्यटकलाई हाईअल्टिच्युडको जोखिम उच्च रहने गरेको छ ।

हाईअल्टिच्युडको जोखिम न्यूनीकरणका लागि मुस्ताङमा एक्याप, प्रदेश स्वास्थ्य कार्यालय, अस्पताल, स्थानीय निकाय, मुक्तिनाथ विकास समिति र सुरक्षा निकायले पर्यटक सचेतनामूलक होर्डिङ बोर्ड, पर्चा पम्प्लेट वितरणलगायतका कार्य गर्दैआइरहेका छन् ।

म्याग्दी र मुस्ताङको सीमानाका घाँसादेखि लेते, खन्ती, मार्फा, जोमसोम, कागबेनी र मुक्तिनाथलगायतका स्थानमा हाईअल्टिच्युडसम्बन्धी सचेतनामूलक बोर्ड राखिएको छ । मुस्ताङ प्रवेश गर्ने पर्यटकलाई होल्डिङ गर्दै यात्रा गराउन पर्नेमा मुक्तिनाथ पुऱ्याइदा लेक लाग्ने जोखिम बढेको हो ।

अस्पतालले तीर्थयात्री तथा पर्यटकलाई यातायात व्यवसायी, पर्यटन व्यवसायी र ट्राभल एजेन्सीले हाईअल्टिच्युडका सम्बन्धमा समयमै ज्ञान दिलाउन पर्ने आवश्यकता औँल्याइएको छ ।

पर्यटकको स्वास्थ्य रक्षाका लागि प्रदेश अस्पताल जोमसोम र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले मुक्तिनाथ मन्दिर परिसरमा हाईअल्टिच्युड उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ । ***रासस***

# अनुमतिबिना विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गर्नेलाई कारबाहीको चेतावनी

काठमाडौँ, २६ असार । शिक्षा तथा खेलकुद मन्त्रालयले ए-लेभल, सीबीएसइ, आइबिडिपीलगायत विदेशी शैक्षिक कार्यक्रम मन्त्रालयको अनुमतिबिना सञ्चालन गर्ने शैक्षिक संस्थामाथि कारबाही गर्ने चेतावनी दिएको छ ।

गत बुधबारको मन्त्रिपरिषद्ले विदेशी सम्बन्धनका नाममा सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमको गुणस्तर सुधार तथा नियमनलाई थप प्रभावकारी बनाउन विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ स्वीकृत गरेसँगै मन्त्रालयले कानुनी व्यवस्था कार्यान्वयनमा कडाइ गरेको हो ।

शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव कृष्णचन्द्र पोखरेलले केही शैक्षिक संस्थाले मन्त्रालयको अनुमति नलिई यस्ता कार्यक्रम सञ्चालन गरिरहेकाले कानुनी व्यवस्थाबारे पुन: जानकारी गराइएको बताउनुभयो ।

मन्त्रालयले अनुमति नलिई विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका शैक्षिक संस्थाबारे जानकारी भएमा तीन दिनभित्र लिखित रूपमा मन्त्रालयमा सूचना दिन सरोकार भएका सबैसँग आग्रह गरेको छ ।

उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले उक्त नियमावली लागू गरिएको हो । यसअन्तर्गत मुलुकमा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्धन लिएर सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमका लागि नयाँ मापदण्ड लागू हुने उक्त मन्त्रालयले जनाएको छ । ***रासस***

***जाँचबुझ....***

निस्कँदा बबरमहलको पुल पुग्नुअगाडि नै मलाई अगाडि नजान भनियो । तर, म एकजना मानिसको बाइकमा लिफ्ट लिएर अगाडि बढेँ । केही अगाडि बढेपछि मिनभवन पछाडिको बाटो हिँडेर सिभिल हस्पिटल पुगेँ । म सिभिल हस्पिटल जाँदा प्रदर्शनकारीहरूले ढुङ्गा प्रहार गरिरहेका थिए । म आन्दोलनको बिच बाटो हुँदै करिब १२ बजे सिभिल हस्पिटल पुगेँ । म हस्पिटलको बाहिर बसेर घाइतेहरूको उपचारमा सहजीकरण गरिरहेको थिएँ । म त्यो रात घाइतेहरूको उपचारमा संलग्न भई अस्पतालमै बसेँ ।

२४ गते करिब १० बजेतिर घाइतेहरूलाई अस्पताल ल्याउन सुरु भइसकेको थियो । म बाहिर निस्केर संसद् भवनभित्र पसेको थिएँ । म त्यहाँबाट निस्किएर फेरि सिभिल अस्पतालमा घाइतेहरूको उपचारमा संलग्न भएँ । रातिसम्म पनि अस्पतालमा घाइतेहरू आइरहेका थिए । त्यहाँ उपचार हुन नसकेकाहरूको अन्य अस्पतालमा पठाउनको लागि पनि मैले सहजीकरण गरेको थिएँ । म त्यो रात पनि अस्पतालमै बसेर भदौ २५ गते बिहान निस्किएको हो ।

**दिलभुषण पाठकले यस आयोगमा व्यक्त गरेको भनाइको व्यहोरा :**

पत्रकारिता लोकतन्त्रको मेरुदण्ड हो । आजको लोकतान्त्रिक समाजमा व्यावसायिक पत्रकारिता केवल सूचना प्रवाह गर्ने माध्यम होइन, राष्ट्रको नैतिक दिशानिर्देशक हो । खराब शासन र भ्रष्टाचारका विरुद्ध पत्रकारिता मौन बस्न सक्दैन । खोजमूलक पत्रकारितामार्फत शक्ति दुरुपयोग, घोटाला र अनियमितता उजागर गर्नु र सबैलाई जवाफदेही एवम् उत्तरदायी बनाउनु पत्रकारिताको प्रमुख जिम्मेवारी हो ।

नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गरेको छ । यसले पत्रकारलाई निर्भीक भएर सत्य लेख्न र बोल्न कानुनी आधार दिएको छ । तर, स्वतन्त्रतासँगै जिम्मेवारी पनि आउँछ । सत्यता, निष्पक्षता र सन्तुलन कायम गर्नु नै व्यावसायिकताको मूल आधार हो ।

पत्रकारिता भनेको अन्धो समर्थन होइन, राष्ट्रको दीर्घकालीन हितलाई केन्द्रमा राखेर सत्य बोल्नु हो । सत्य बोल्ने साहस, गलतको विरोध गर्ने दृढता र जनताको पक्षमा उभिने प्रतिबद्धता नै मेरो पत्रकारिताप्रतिको वास्तविक विश्वास हो ।

पत्रकारिताले राजनीतिक दल र सरकारलाई जवाफदेही बनाउँछ । यसले शक्तिशाली व्यक्तिहरूलाई प्रश्न गर्ने, नागरिकका आवाज र गुनासालाई राष्ट्रिय बहसमा ल्याउने, पारदर्शिता र सुशासनको मागलाई बलियो बनाउने, तथा कानुनी निकाय र निगरानी संस्थालाई कारबाहीतर्फ ध्यानाकर्षण गर्ने काम गर्दछ । यही विश्वासले म विगत ३३ वर्षदेखि पत्रकारिताको माध्यमबाट देश र जनताको हक हितका लागि क्रियाशील छु र अन्तिम सास रहुञ्जेलसम्म क्रियाशील रहने प्रतिबद्धता छ ।

***अमेरिका...***

इरानले बहराइन, कुवेत र कतारस्थित अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गरी दर्जनौँ क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको जनाएको छ । अमेरिकी रक्षा अधिकारीका अनुसार ती अधिकांश आक्रमण रोकिएका वा प्रभावहीन बनेका कारण कुनै अमेरिकी सैनिक हताहत भएका छैनन् । बहराइनको राजधानी मनामामा विस्फोटका आवाज सुनिएपछि हवाई आक्रमणको साइरनसमेत बजाइएको थियो ।

यसैबिच इजरायली रक्षामन्त्री इजरायल काट्जले आवश्यक परे इरानविरुद्धको सैन्य अभियान अझ बलियो रूपमा पुन: सञ्चालन गर्न सेना पूर्ण तयारी अवस्थामा रहेको बताएका छन् ।

जोर्डनले पनि आफ्नो हवाई क्षेत्रमा प्रवेश गरेका आठ इरानी क्षेप्यास्त्र खसालिएको जनाएको छ । सरकारी अधिकारीहरूका अनुसार उक्त घटनाबाट कुनै मानवीय वा भौतिक क्षति भएको छैन ।

इरानको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्ला दुई दिनमा भएका अमेरिकी आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु र ७८ जना घाइते भएका छन् । दक्षिणी होर्मोजगान प्रान्तको सिरिक बन्दरगाहमा भएको छुट्टै अमेरिकी आक्रमणमा थप तीन जनाको मृत्यु र १५ जना घाइते भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

उता विश्व शेयर बजारले भने तनावबिच पनि सकारात्मक प्रतिक्रिया देखाएको छ । अमेरिकी प्रविधि कम्पनीहरूको शेयरमा सुधार आएपछि नास्डाक सूचकाङ्क १.३ प्रतिशतले बढेको छ भने अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा सामान्य गिरावट आएको छ ।

## सङ्क्षिप्त समाचार

# केन्द्रीय बैङ्कद्वारा ६० अर्ब निक्षेप सङ्कलनका लागि बोलकबोल आह्वान

काठमाडौँ, २६ असार । नेपाल राष्ट्र बैङ्कले बजारबाट तरलता व्यवस्थापन गर्ने उद्देश्यले रु. ६० अर्ब बराबरको निक्षेप सङ्कलन गर्ने भएको छ ।

राष्ट्र बैङ्कको मौद्रिक व्यवस्थापन विभागले शुक्रबार सूचना जारी गर्दै १९ दिनको निक्षेप सङ्कलन उपकरणमार्फत उक्त रकम सङ्कलन गर्न बोलकबोल आह्वान गरिएको जनाएको छ । बोलकबोल शुक्रबार दिउँसो ३:०० बजेसम्म अनलाइन बिडिङ सिस्टम सफ्टवेयर (ओबीएसएस) मार्फत हुनेछ ।

सूचनाअनुसार निक्षेप सङ्कलन उपकरण शुक्रबारै निष्कासन गरिनेछ भने यसको साँवा तथा ब्याज आगामी असोज २३ गते भुक्तानी गरिनेछ । ब्याजदर बोलकबोल प्रक्रियाबाट निर्धारण हुनेछ ।

बोलकबोलमा न्यूनतम रु. १० करोड र अधिकतम रु. पाँच करोड दरले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्म आवेदन दिन सकिने छ । निक्षेप सङ्कलन उपकरणमा नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैङ्क तथा वित्तीय संस्था मात्र सहभागी हुन पाउनेछन् । **रासस**

# लागूऔषधसहित २० जना पक्राउ

काठमाडौँ, २६ असार । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागूऔषधसहित २० जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार सिरहाबाट चार, झापाबाट तीन, जुम्ला, रूपन्देही, मोरङ, सुनसरी र डाङबाट दुई/दुई तथा कपिलवस्तु, तनहुँ र काठमाडौँबाट एक/एक जना पक्राउ परेका हुन् । प्रहरी टोलीले उनीहरूको साथबाट लागूऔषध चरेस, खैरो हेरोइन र गाँजा तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने डाइक्लोमाइन र स्पास्मो बरामद गरेको छ । उनीहरूलाई गत बुधबार र बिहीबार पक्राउ गरिएको हो । **रासस**

# अमेरिका पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

काठमाडौँ, २६ असार । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी अमेरिका पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा एक जना पक्राउ परेका छन् ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा कपिलवस्तु बाणगङ्गा नगरपालिका-८ बस्ने पाल्पा रैनादेवी गाउँपालिका-१ घर भएका ३५ वर्षीय माधव अर्याल छन् । माधवले अमेरिका पठाइदिन्छु भन्दै एक जनाबाट रु. तीन लाख लिइ सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौँ महानगरपालिका-१३ बाट पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय काठमाडौँ पठाइएको छ । **रासस**

# डण्डा सुरक्षा गुल्मको सक्रियता बढेसँगै एक करोड ७० लाखभन्दा बढीका सामान बरामद

सिद्धार्थनगर (भैरहवा), २६ असार । नेपाल-भारत सीमावर्ती क्षेत्रस्थित डण्डामा रहेको सशस्त्र प्रहरी बलअन्तर्गत सुरक्षा गुल्मले पछिल्लो दुई महिनामा रु. एक करोड ७० लाख ६१ हजार १४६ मूल्यको सामान बरामद गरी भैरहवा भन्सार कार्यालयमा बुझाएको छ ।

गुल्मका प्रमुख एवं सशस्त्र प्रहरी नायब उपरीक्षक गोपीकृष्ण भट्टराईले गत जेठ ८ गतेदेखि आजसम्म स्थानीय भन्सार छली गरी भारतबाट नेपाल ल्याउँदै गरेका लत्ताकपडा, हार्डवेयर तथा शृङ्गारका सामग्री, फलफूल, पेयपदार्थ, किराना तथा मेसिनरीलगायत सामान बरामद गरी भन्सार कार्यालयलाई बुझाएको जानकारी दिनुभयो ।

सीमा क्षेत्रमा नियमित गस्ती, जाँचपड्ताल र सूचना सङ्कलनसहित अन्तरनिकायसँगको सहयोग, सहकार्य र समन्वयबाट उल्लेख्य परिमाणमा सामान जफत गर्न सम्भव भएको स्पष्ट गर्दै उहाँले पछिल्ला दिनमा लागूऔषध ओसारपसार, चोरी-तस्करी, राजस्व चुहावट एवं सीमा नाकामा हुने अवैध गतिविधि नियन्त्रणमा आएको दाबी गर्नुभयो । **रासस**

# कर्णाली नदीमा बेपत्तामध्ये थप दुई जनाको शव फेला

दैलेख, २६ असार । कर्णाली राजमार्गअन्तर्गत दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७, साङ्गेतरामा कर्णाली नदीमा बेपत्ता भएकामध्ये थप दुई जनाको शव बिहीबार साँझ फेला परेको छ । योसँगै दुर्घटनामा मृत्यु भई सनाखत हुनेको सङ्ख्या तीन पुगेको छ । जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकका अनुसार आफन्तले घटनास्थलमा पुगेर शव बुझिसकेका छन् । पहिचान खुलेमा यसअघि भिरमा शव फेला परेका कालिकोट पचाल झरना गाउँपालिका-९ का जेखे तिरुवा, सोही ठाउँका बेपत्ता भनिएका मेखे तिरुवा र कालिकोटकै रास्कोट नगरपालिका-२ की १८ वर्षीया सुजना खड्का रहेका छन् । उनीहरूको ठेगाना र विवरण पहिचान भई आफन्तद्वारा सनाखत भइसकेको प्रहरी प्रमुख विकले जानकारी दिनुभयो । सवारी चालक सुर्खेत पञ्चपुरी नगरपालिका-८ का तुलाराम सुवेदी र उहाँका सहोदर भाइ (सहचालक) रामु सुवेदीसहित अन्य यात्रुको अवस्था भने अझै अज्ञात छ । बेपत्ता दुवै दाजु भाइका काका दिल्ली सुवेदीका अनुसार घरका मुख्य साहारा नै नदीमा डुबेकाले परिवार, आफन्त र छरछिमेक यतिबेला गहिरो शोकमा छन् ।

सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको क.प्र. ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी सडकबाट करिब ४०० मिटर तल कर्णाली नदीमा गत बिहीबार खसेको थियो । **रासस**



मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन, नेपालको आयोजनामा पैदल न्याय मार्चको पहिलो दिन तिरहुतियागाछि, जनकपुरबाट काठमाडौँतर्फ लागेको छ । शुक्रबार राति महेन्द्रनगरमा बास बसी भोलि बिहानै दोस्रो दिनको मार्च प्रारम्भ हुनेछ । 'अधिकार माग्न काठमाडौँ जान पर्दैन' भन्ने बाचा प्रधानमन्त्रीले बिर्सिएपछि सयौँको सङ्ख्यामा उपस्थित पीडितहरू न्याय माग गर्दै राजधानी जान बाध्य भएका छौँ । *तस्बिर : फेसबुकबाट*

# अस्पतालबाट निस्कने फोहरले बढाउँदै छ सङ्क्रमणको जोखिम

जनकपुरधाम, २६ असार । वातावरणीय मानव अधिकार रक्षकको एक समूहले मधेस प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाएका छन् ।

अस्पताल तथा स्वास्थ्यचौकीबाट निस्कने फोहरको उचित व्यवस्थापनको माग गर्दै उहाँहरूको समूहले वन तथा वातावरण, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र धनुषा जिल्ला प्रशासन कार्यालयमा ११ बुँदे सुझाव पत्र प्रस्तुत गरेका हुन् ।

अवगत पत्र बुझ्दै मधेस प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री नागेन्द्र साहले नागरिक समाजको सक्रियताले सरकारलाई थप जिम्मेवार बन्न सहयोग मिलेको बताउनुभयो ।

टोलीले जनकपुरधामका अस्पताल, क्लिनिक, प्याथोलोजी प्रयोगशाला तथा ल्याण्डफिलसाइटको स्थलगत अनुगमन गरेको थियो । अवलोकनपछि तयार पारी बुझाएको प्रतिवेदनमा जैविक जोखिमयुक्त फोहरलाई सामान्य फोहरसँग मिसाएर व्यवस्थापन गरिएको उल्लेख छ ।

फोहरको वैज्ञानिक वर्गीकरण नभएको तथा सुरक्षित ढुवानी र अन्तिम व्यवस्थापन कानुनी मापदण्डअनुसार नभएको पाइएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश संयोजक राजु पासवानले जानकारी दिनुभयो ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकार सुनिश्चित गरेको छ ।

फोहर व्यवस्थापन ऐन, २०६८ तथा स्वास्थ्य संस्थाको फोहर व्यवस्थापन निर्देशिका, २०२० ले स्वास्थ्य संस्थाबाट निस्कने जैविक जोखिमयुक्त फोहरको वर्गीकरण, सङ्कलन, भण्डारण, ढुवानी र अन्तिम व्यवस्थापनका स्पष्ट मापदण्ड तय गरेका छन् । व्यवहारमा कानुनी प्रावधान पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा स्वास्थ्य संस्थाबाट निस्कने फोहर स्वयं सार्वजनिक स्वास्थ्य र वातावरणका लागि गम्भीर चुनौती बन्दै गएको छ ।

मधेस प्रदेशको राजधानी जनकपुरधाम यस समस्याको प्रतिनिधि उदाहरणका रूपमा देखिएको छ । बिरामी उपचारका लागि अस्पताल पुग्छन् र स्वस्थ भएर घर फर्कने अपेक्षा गर्छन् ।

उपचारपछि निस्कने जैविक जोखिमयुक्त फोहरको उचित व्यवस्थापन नहुँदा स्वास्थ्य सेवा प्रणाली नयाँ सङ्क्रमण र प्रदूषणको स्रोत बन्ने जोखिम बढिरहेको छ ।

जनस्वास्थ्य विज्ञ डा. कालीप्रसाद यादव प्रयोग भइसकेका सिरिन्ज, सुई, रगतले दूषित सामग्री, प्रयोगशालाका नमुना, शल्यक्रियापछि निस्कने जैविक पदार्थ तथा औषधिजन्य अवशेषजस्ता फोहर सामान्य फोहरभन्दा धेरै जोखिमयुक्त हुन्छ, भन्नुहुन्छ ।

उक्त सामग्रीको वैज्ञानिक व्यवस्थापन नभए हेपाटाइटिस-बी, हेपाटाइटिस-सी, एचआइभी तथा अन्य सङ्क्रामक रोग फैलिने सम्भावना रहन्छ । स्वास्थ्य सेवा विस्तारसँगै जनकपुरधाम क्षेत्रमा स्वास्थ्य संस्थाको सङ्ख्या तीव्र रूपमा बढिरहेको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विजयकुमार साहले उपमहानगरपालिका अन्तर्गत २६ र प्रदेश सरकारअन्तर्गत ५० भन्दाबढी स्वास्थ्य संस्था सञ्चालनमा छन् ।

जनकपुरधाम उपमहानगरपालिकाले वडा नं १९ मा डम्पिङसाइट स्थापना गरी नगरको फोहर व्यवस्थापन गर्दै आए पनि स्वास्थ्य संस्थाबाट निस्कने जोखिमयुक्त फोहरका लागि छुट्टै वैज्ञानिक प्रणालीको आवश्यकता देखिएको छ । **रासस**

# शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पर्यटकको आकर्षण बढ्दो

कञ्चनपुर, २६ असार । सुदूरपश्चिमको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पर्यटकको आकर्षण निरन्तर बढ्दै गएको छ ।

चालु आर्थिक वर्षको असारसम्म चार हजार १९१ पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । यो सङ्ख्या गत आवको कूल तीन हजार ७२२ पर्यटकको तुलनामा ४६९ जनाले बढी हो । चालु आवमा मात्रै करिब १२.६ प्रतिशतले पर्यटक आगमन वृद्धि भएको छ ।

निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम बाग्लेका अनुसार चालु आवको असोजदेखि असारसम्म निकुञ्ज भ्रमण गर्नेमा एक हजार ६५७ महिला र दुई हजार ५३४ पुरुष छन् ।

निकुञ्जमा आन्तरिक पर्यटकको वर्चस्व कायमै छ । कुल पर्यटकमध्ये निकुञ्ज भ्रमण गर्ने तीन हजार ६९९ नेपाली पर्यटक छन् । जसमा एक हजार ५१३ महिला र दुई हजार १८६ पुरुष छन् । कुल पर्यटकमध्ये करिब ८८ प्रतिशत हिस्सा नेपाली पर्यटकको रहेको तथ्याङ्कले शुक्लाफाँटा आन्तरिक पर्यटकको प्रमुख गन्तव्य बन्दै गएको पुष्टि गर्दछ ।

त्यसैगरी, सार्क राष्ट्रबाट ३५८ पर्यटक निकुञ्ज पुगेका छन् । यसमध्ये ८७ महिला र २७१ पुरुष छन् । तेस्रो मुलुकबाट भने १५६ पर्यटकले निकुञ्जको भ्रमण गरेका छन् । जसमा ५७ महिला र ९९ पुरुष छन् । विदेशी पर्यटकको सङ्ख्या अझै अपेक्षाकृत कम भए पनि पछिल्ला वर्षमा विस्तारै वृद्धि हुँदै गएको छ । गत आवभन्दा चालु आवमा विदेशी पर्यटकको सङ्ख्या २२ ले बढेको छ ।

महिनागत तथ्याङ्क हेर्दा चैतमा सबैभन्दा बढी ६२१ पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । त्यसपछि कार्तिकमा ५८०, जेठमा ५७९, वैशाखमा ५५४ र असारमा ४२४ जना पुगेका छन् । मौसम अनुकूल हुने तथा वन्यजन्तु अवलोकन सहज हुने भएकाले चैत, वैशाख र जेठमा पर्यटकको चाप बढी हुने गरेको छ ।

सबैभन्दा कम पर्यटक असोजमा मात्र नौ जना पुगेका थिए । त्यसपछि मङ्सिरमा २९३, माघमा ३६९, पुसमा ३७६ र फागुनमा ३८६ जनाले निकुञ्ज भ्रमण गरेका छन् । वर्षायाम तथा पर्यटकीय सिजन सुरु नहुँदा असोजमा पर्यटकको सङ्ख्या न्यून हुने गरेको देखिन्छ ।

गत आव २०८१/८२ मा निकुञ्जमा तीन हजार ७२२ पर्यटक आएका थिए । तीमध्ये तीन हजार ३७१ नेपाली, १९९ सार्क राष्ट्रका तथा १५२ जना तेस्रो मुलुकका पर्यटक थिए ।

चालु आवमा नेपाली तथा सार्क मुलुकका पर्यटकको सङ्ख्या उल्लेख्य रूपमा बढे पनि तेस्रो मुलुकका पर्यटकको आगमन अपेक्षाकृत स्थिर देखिएको छ । करिब ३०५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विश्वमै दुर्लभ मानिने बाह्रसिङ्गाको सबैभन्दा ठूलो बासस्थानका रूपमा परिचित छ ।

यहाँ बाह्रसिङ्गासँगै पाटेबाघ, जङ्गली हात्ती, एकसिङ्गे गैँडा, चितुवा, नीलगाई, जरायो, रतुवा, जङ्गली बँदेल, भालु, स्याल, बँदेललगायतका वन्यजन्तु पाइन्छन् । निकुञ्ज पन्छीप्रेमीका लागि पनि आकर्षक गन्तव्य हो । यहाँ ४५० भन्दा बढी प्रजातिका चराचुरुङ्गी अभिलेख गरिएका छन् ।

निकुञ्जभित्रका विशाल शुक्लाफाँटा घाँसेमैदान, रानीताल, सिकारी ताल, सलगौडी ताल, बाबा ताल, सालघारी, चौधर नदी क्षेत्र, वन्यजन्तु अवलोकन टावर तथा प्राकृतिक पदमार्ग पर्यटकका मुख्य आकर्षण हुन् । बिहान र साँझको समयमा हात्ती सफारी, जिप सफारी तथा बर्ड वाचिङमार्फत पर्यटकले वन्यजन्तु नजिकबाट अवलोकन गर्ने अवसर पाउँछन् ।

प्राकृतिक सम्पदा, जैविक विविधता र वन्यजन्तु अवलोकनको अनुपम गन्तव्यका रूपमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज स्थापित हुँदै गएको छ । निकुञ्ज प्रशासनले पूर्वाधार विस्तार, प्रचारप्रसार तथा पर्यटकमैत्री सेवामा थप सुधार गर्न सके आगामी वर्षहरूमा विदेशी पर्यटकको आगमन अझै उल्लेख्य रूपमा बढ्ने अपेक्षा गरिएको छ । **रासस**

। सम्पादकीय ।

# इरानमाथिको आक्रमण ट्रम्पलाई महँगो अनुभव

संरा अमेरिकी राष्ट्रपति ट्रम्पको बारेमा अब संसारका सचेत नागरिक र बुद्धिजीवीहरूमाझ सान्है विवादास्पद नेताको रूपमा लिइआएको पहिलो निर्वाचनपछि नै हो । अन्य मित्र देशहरूसमेतको आश्वासन, निर्णय र भनाइलाई विश्वास नगर्नुको कारण - उनको भनाइ र गराइमा समानता नहुनु, उनको स्वभावमा एक राष्ट्रको राष्ट्रपति (नेता) को भन्दा पनि एक कडा व्यापारीको व्यवहारसँग मिल्ने देख्छन्, मित्र देशहरूको सम्बन्धबारे पनि उनको कार्यशैली कूटनैतिक र राष्ट्रिय नेताको गरिमाबाट सान्है तल झरेर धम्कीको भाषा र व्यवहार गर्छन् - एक गाउँले गुण्डा र टोलका मुल्याहाजस्तो ।

इरानसँग हालै गरेको वार्ता, समझदारी र सम्झौतालाई ट्रम्पले 'अन्तरिम सम्झौता समाप्त भएको' दाबी गरे, जसलाई इरानले निन्दा गऱ्यो । *( 'कान्तिपुर' - २५ असार, २०८३)*

समाचारमा बताइएअनुसार ट्रम्पले इरानसँग लडाइँ बन्द गर्ने उद्देश्यले 'सम्झौता' गर्नुभन्दा इरानलाई अप्ठेरो परेको विषय थाहा पाउने र त्यसमा हान्ने जालसाजी देखियो । समाचारले पोल खोल्यो - "इरानलाई अन्तर्राष्ट्रिय बजारमा तेल बिक्री गर्न दिने निर्णय फिर्ता ।" इरानको भित्री समस्या बुझेर सम्झौता फिर्ता लियो किनभने अमेरिकाको निर्णयपछि कच्चा तेलको मूल्यमा ३ प्रतिशतभन्दा बढीले वृद्धि हुँदा सबै एसियालीहरूबाट इरानमाथि दबाब बढाउने उद्देश्य देखियो ।

आफ्नो बढ्दै गएको आर्थिक सङ्कटबाट पार पाउन ट्रम्पले 'उत्तर एटलान्टिक सन्धि सङ्गठन' नाटोका सदस्यहरूलाई आ-आफ्नो रक्षा बजेटको ५ प्रतिशत रकम अमेरिकालाई तिर्न दबाब दिएको हुँदा 'नाटो' का महासचिव मार्क रुट्टीले ट्रम्पलाई आक्रमणको विरोध गर्नुभन्दा इरानलाई दोष दिएको देखियो । यसकारण, अमेरिकी प्रशासन संसारको निन्दाबाट छटपटिएको प्रस्ट छ ।

# नेताहरूको नामबाट सार्वजनिक संस्थाहरू स्थापना गर्दा समस्या

राष्ट्रपति, प्रधानमन्त्री वा नेताहरूको नाउँमा अस्पताल, शिक्षालय, सामाजिक संस्था वा अन्य भवनहरूको नाम राख्दा अनेक विवाद हुने र अर्को दलको सरकार आउँदा हिसाबकिताब तथा राखिएका कर्मचारीबारे अनेक झमेला आउनेबारे नेपालीहरू अनभिज्ञ छैनन् ।

यसकारण, विदेशी सहयोगले बन्ने अस्पतालजस्ता संस्थाहरूमा शासक दलहरूले अयोग्य कार्यकर्ता र नातागोता राखेर अस्पतालमा स्वास्थ्य उपचारका सामानलाई जानाजान बिगारेर पछि बजारबाट महँगो मूल्यका सामान राख्ने गरेका हुन्छन् । एक दुई ठाउँको मात्र यो समस्या होइन- पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिणसम्मै यो स्थिति देखिएको छ । यसको निम्ति राजनैतिक दलका केन्द्रीय नेताहरूको प्राथमिकतामा देश र जनता आउनुपर्छ र तिनीहरूबाटै जिल्ला र स्थानीय निकायका कार्यकर्ताहरू योग्य, शिष्ट र भ्रष्टाचारविरोधी भावनाबाट शिक्षित र दीक्षित गर्नुपर्ने देखिन्छ । अनेक आश्वासन र आर्थिक सहयोगमा लागेर नयाँ पार्टीमा प्रवेश गरिएका कार्यकर्तालाई तह लगाउन समय लाग्नु स्वाभाविक हो । अनेक आन्दोलन, सैद्धान्तिक सङ्घर्ष र प्रहरीको दमन नसहेका कार्यकर्ता अलि छाडा हुनु स्वाभाविक हो ।

यसकारण, स्वतन्त्रता र मुक्ति पाएका केही देशका नेताहरूको नामबाट सहर र भवनहरू, शिक्षालय, अस्पताल, संस्था आदिको नाम राख्दा र शालिकहरू स्थापना गर्दा अनेक समस्या आउने हुँदा निषेध गरिएको थियो ।

अहिले सुनसरीका बीपी प्रतिष्ठान पुन: विवादमा आएको छ । 'सङ्कटमा बीपी प्रतिष्ठान, सास्ती भोग्दै बिरामी' शीर्षकमा केही पीडितहरूको गुनासो छ । *('नागरिक' दैनिक - २५ असार, २०८३)*

अर्को शीर्षक छ - 'ठगी आरोपमा १२ पक्राउ ।'

# के यो सत्य हो ?

- एमालेका सांसद साजिदा खातुन सिद्दिकीले प्रतिनिधिसभाको कानुन समितिको बैठकमा असोज २४ गते भनिन्, "राष्ट्रिय मानव अधिकार आयोग पदाधिकारीहरू देशको प्रधानमन्त्री बनेकाले आगो लगाउन उक्साउँदा आँखा देखेनन् र पानी बाँड्न जाने गृहमन्त्री जाँदा आँखा देखेनन् । आयोगको उपसमितिले तयार गरेको प्रतिवेदन सार्वजनिक नहुँदा उपसमिति संयोजकले 'म सार्वजनिक गर्छु' भन्नुपर्ने अवस्था भयो । भदौ २३ र २४ गतेको घटनाबारे कार्की आयोगको प्रतिवेदन गलत छ । राष्ट्रिय मानव अधिकार आयोगले पनि स्पष्ट लेख्न नसक्ने भए पदाधिकारीहरूले राजीनामा गर्नु उपयुक्त हुनेछ ।"

- वरिष्ठ पत्रकार राजेन्द्र बानियाँले रास्वपा सांसद गणेश कार्कीसँग प्रश्न राखे, "भदौ २२ गते बेलुका बालेन साह जेन-जीलाई आन्दोलनमा जान उक्साउने मान्छे हुन् । भदौ २४ गते प्रतिनिधिसभा विघटन नभएसम्म सहमति नगर्नु भनी निर्देशन दिने बालेन हुन् ।"

# अर्जेन्टिनाविरुद्धको इजिप्ट खेलको दोस्रो हाफमा भिएआर विवाद के थियो ?

*(भिएआरले अस्वीकृत गरिएको गोल, इजिप्टका लागि पहेँलो कार्डको श्रृङ्खला र दुवै कप्तानको विपरीत भावनाले खेल समाप्त भयो ।)*

एटलान्टा रङ्गशालामा निकै उत्साहजनक वातावरणमा इजिप्टको साहसिक लडाइँका बाबजुद पूर्वविजेता टोलीले पुनरागमन जीत हासिल गरेपछि विश्वकप ट्रफी कायम राख्ने अर्जेन्टिनाको सपना जीवितै छ तर विवादास्पद रेफ्री निर्णयहरूले गर्दा यो सपनामा कालो धब्बा लागेको छ ।

मङ्गलबार भएको अन्तिम १६ को खेलमा ३-२ को पुनरागमन जीत हासिल गर्नुअघि वर्तमान विश्व च्याम्पियनले फाराओ (टीम इजिप्ट) हरूलाई पछ्याइरहेका थिए ।





सामान्य खेल-समयको एकतिहाइभन्दा कम समय बाँकी रहँदा, एक गोल अस्वीकृत गरिए पनि २-० को अग्रता लिएपछि इजिप्टले विश्व च्याम्पियनलाई बाहिऱ्याउने सङ्घारमा थियो ।

७९ औँ मिनेटमा क्रिस्टियन रोमेरोको हेड गोलले खेलको घाटा आधा घटायो र चार मिनेटपछि लियोनेल मेस्सीले प्रतियोगिताको आफ्नो आठौँ गोल गर्दै २-२ को बराबरी ल्याए र अर्जेन्टिनाको उपाधि रक्षालाई जीवित राखे ।

एन्जो फर्नान्डेजले इन्ज्युरी समयको तेस्रो मिनेटमा लाउटारो मार्टिनेजको क्रसमा उत्कृष्ट हेडिङ गर्दै दक्षिण अमेरिकी टोलीको लागि १३ मिनेटमा तीन गोलको आश्चर्यजनक रूपमा खेल उल्टाए ।

**अर्जेन्टिनाविरुद्ध इजिप्ट विश्वकप खेलमा** भिएआर **विवाद के थियो ?**

अर्जेन्टिनालाई कडा चुनौती दिएको कारण इजिप्टलाई सधैँ सम्झिनेछ, तर १-० को अग्रता रहेको बेला मोस्तफा जिकोको गोललाई भिडियो सहायक रेफ्री (भिएआर) को निर्णयले अस्वीकार गरेपछि अन्यायको अनुभूति भयो । यद्यपि, उनले पछि फेरि गोलपोस्टको जाली भेटाए र २-० को अग्रता बनाए ।

जिकोले प्रत्याक्रमणको शानदार दौडको अन्त्यमा गोल गरे, जब सालाहको पासमा बल अगाडि पाउनासाथ ११ नम्बर जिकोले नजिकबाट बल पोस्टमा छिराए । त्यसपछि उनले दौड्दै आफ्नो जर्सी फुकाल्दै रमाइलो उत्सव मनाउन थाले, तर इजिप्टको खुसी केही मिनेटपछि दु:खमा परिणत भयो किनकि भिएआरले गोलको निर्माणको सुरुवात देखेर यसलाई अमान्य ठहऱ्यायो ।

म्याच कमेन्टेटरहरूले त्यतिबेला यो निर्णय भिएआरको क्षेत्राधिकारभन्दा बाहिर भएको बताएका थिए । तर, अन्तर्राष्ट्रिय फूटबल सङ्घ बोर्ड - आईएफएबी (IFAB) को नियम पुस्तिका, खेलको कानुनअनुसार निर्णयलाई फरक तरिकाले व्याख्या गर्न सकिन्छ ।

आईएफएबीको नियमअनुसार, "समीक्षा गर्न सकिने घटना अघि र पछिको खेल अवधि खेलको कानुन र प्रोटोकलद्वारा निर्धारण गरिन्छ" र यसमा भिएआर प्रयोग गर्न सकिन्छ ।

थप रूपमा, "गोलको निर्माण वा स्कोरिङमा आक्रमणकारी टोलीको दोष (ह्यान्डबल, फाउल, अफसाइड आदि)" को लागि समीक्षा अनुमति छ ।

**इजिप्टविरुद्ध अर्जेन्टिनाको खेलमा कति जनाले पहेँलो कार्ड पाए ?**

अर्जेन्टिनाले अग्रता लिएपछि फाराओहरूको शानदार दौड समाप्त भयो किनकि रेफ्रीले मोहम्मद सलाहको टोलीलाई एकपछि अर्को पहेँलो कार्ड दिन थाले ।

पहिलो पहेँलो कार्ड गोलकिपर मुस्तफा शोबेरले दिइयो, त्यसपछि हाम्दी फाथीलाई र त्यसपछि मारवान अटियालाई फाउलको लागि एउटा पहेँलो कार्ड दिइयो ।

इजिप्टले खेलमा बदलाव हुनुभन्दा अघि पेनाल्टीको हकदार महसुस गर्‍यो र चर्को स्वरमा गुनासो गऱ्यो तर कुनै फाइदा भएन; मुख्य प्रशिक्षक होसम हसनलाई रेफ्रीसँग बहस गरेकोमा पहेँलो कार्ड देखाइयो र कप्तान सलाहले त्यो क्षणको चर्काचर्कीमा मध्यस्थता गर्ने प्रयास गरे ।

**अर्जेन्टिना र इजिप्टको खेलमा पूर्ण-समय सिट्टी बजेपछि के भयो ?**

३५ वर्षीय कप्टानको लागि सबैभन्दा ठुलो मञ्चमा सम्भवत: इजिप्टको लागि अन्तिम खेलमा रेफ्रीले पूर्ण-समयको सिट्टी बजाउँदा सलाहको टोली स्तब्ध भयो ।

मैदानमा अन्य भागमा, सलाहका अर्जेन्टिनी समकक्षी आँसुमा थिए; मेस्सीले आफ्नो २१ औँ विश्वकप गोल गर्दै अर्जेन्टिनालाई बराबरीमा मात्र ल्याएनन् तर आश्चर्यजनक पुनरागमन गर्दै क्वार्टरफाइनलमा पुग्न प्रेरित गरे ।



# महान् नेता किम इल सङ, किम जोङ इल पार्टीको महान् ध्येय सदा विजयी रहन्छ -३

✍ किम जोङ उन

हरेक प्रकारले पार्टीको एकता र सामाञ्जस्यतालाई बलियो पार्नुपर्ने हुन्छ । समग्र पार्टी पङ्क्ति केन्द्रीय समितिको एकीकृत नेतृत्वअन्तर्गत अगाडि बढ्ने गरी साङ्गठनिक अनुशासन कायम गरिनुपर्दछ ।

सङ्गठन, अनुशासन र एकताका सबल भावना क्रान्तिकारी पार्टीका प्राणवायु हुन्, पार्टीको अपराजय सामर्थ्यका ऊर्जा हुन् । निरपेक्ष क्रान्तिकारी अनुशासन यसरी स्थापित गर्नुपर्दछ कि समग्र पार्टी एउटै विचार र उद्देश्यका साथ केन्द्रीय समितिको वरिपरि बलियोसँग गोलबद्ध होओस् र पार्टीका कार्य तथा कार्यक्रममा देखापरेका सबै समस्यालाई पार्टी समितिमा ल्याई एकमना निर्णयअनुसार समाधान गरिनुपर्दछ । पार्टीका सबै सदस्य र भ्रातृ-सङ्गठनहरू पार्टीमा स्थापित पद्धतिअनुसार कार्य र जीवनशैली अपनाउनुपर्दछ ।




पार्टीको विचार तथा नीतिको रक्षा गर्ने र जीवनको अन्तिम अवस्थासम्म तिनीहरूको कार्यान्वयन गर्ने क्रान्तिकारी माहोललाई अनन्त परम्पराको रूपमा कायम राखिनुपर्दछ । पार्टीका सबै भ्रातृ सङ्गठनहरूले पार्टी नीति हासिल गर्ने कुरालाई प्राथमिकतामा राख्नुपर्दछ र कहिल्यै नछोड्ने गरी पार्टी कार्यदिशा र नीतिलाई कार्यान्वयन गर्न लगनशील रहनुपर्दछ ।

समग्र पार्टी पङ्क्ति र आम जनताबिचको सम्बन्धलाई अझ बलियो पारिनुपर्दछ ।

यही नै पार्टीको एकत्व र सामर्थ्यको ऊर्जा हो । देश र क्रान्तिको रक्षा गर्ने सबैभन्दा शक्तिशाली हतियार पनि हो ।

समग्र पार्टीले 'जनताको लागि सबै कुरा र जनतामा आधारित सबै कुरा' भन्ने नारालाई उच्च राख्नुपर्दछ । कमरेड किम इल सङ र किम जोङ इलका दृष्टिकोणलाई जनतामा स्थापित गर्दै जनताप्रति परमेश्वरमा जस्तै विश्वास गर्नुपर्दछ; उनीहरूलाई महत्त्व दिनुपर्दछ; उनीहरूको निष्ठावान् सेवक बन्नुपर्दछ । जनताबिचको गहिराइमा जानुपर्दछ, उनीहरूसँग सुख-दु:ख साट्नुपर्दछ । जनताको भलाइको लागि समर्पणका साथ काम गर्नुपर्दछ ।







समग्र पार्टीले शक्तिको दुरूपयोग, नोकरशाहीपना र भ्रष्टाचारविरुद्ध तीव्र सङ्घर्ष सञ्चालन गर्नुपर्दछ । जुछेको क्रान्तिकारी पार्टीको रूपमा आफ्ना मौलिक विशेषताहरूलाई कायम राख्नुपर्दछ । आम जनताको माग र स्वार्थका समग्र रक्षा र सेवा गर्नुपर्दछ ।

कोरियाली श्रमिक पार्टीको नेतृत्व मातहत हामीले जुछे क्रान्तिको ध्येय र पहिलोपटक पाक्तु पर्वतमा सुरु गरिएको समाजवादको ध्येयलाई पूर्णतामा लिएर जानुपर्दछ ।

हामी समाजवादको निर्माण र यसको समग्र कार्यान्वयनको आम कार्यदिशामा निरन्तर लागिरहनुपर्दछ ।

महान् कमरेड किम इल सङले अगाडि सार्नुभएको आम कार्यदिशा अर्थात् जन सरकारलाई बलियो पार्दै यसका कार्य तथा भूमिकालाई निरन्तर बढावा दिँदै वैचारिक, प्राविधिक र सांस्कृतिक क्रान्ति हासिल गर्ने कार्यदिशा समाजवाद निर्माणमा स्थायी रूपमा लागिपर्ने रणनैतिक कार्यदिशा हो ।

हाम्रो सरकार र समाजवादी व्यवस्था अझ थप भए-नभएको, जनसरकारले जनताको स्वतन्त्रता हासिल गर्ने अधिकारको प्रतिनिधिको रूपमा, जनताका सृजनात्मक क्षमताको व्यवस्थापकको रूपमा, जन-जीविकाप्रति जिम्मेवार प्रशासकको रूपमा र जनताको स्वतन्त्रता र सृजनशीलताको रक्षकको रूपमा आफ्ना जिम्मेवारी र भूमिकाहरूलाई पूरा गरेको छ कि छैन हेर्नुपर्दछ । जनसरकारका कार्य पद्धति र विधिहरूलाई विकसित यथार्थका आवश्यकताअनुसार सुधार गरिनुपर्दछ । समाजमाथि राज्यको एकीकृत मार्ग निर्देशन र आर्थिक कार्यको सङ्गठकको रूपमा, सरकारका कार्यहरूलाई बढावा दिइनुपर्दछ । यसरी हराभरा देश निर्माणको ऊर्जावान् प्रोत्साहन दिइरहनुपर्दछ ।

वैचारिक, सांस्कृतिक र प्राविधिक गरी तीन क्रान्ति नै आधारभूत तरिकाहरू हुन् । यिनैमा समाजवादी समाजका आम जनताले स्वतन्त्रताका आफ्ना मागहरूको प्रत्याभूति प्राप्त गर्दछन् ।

यदि हराभरा समाजवादी राष्ट्र निर्माण गर्ने आवश्यकताअनुसार, मानिसका पुनः निर्माण र प्रकृतिको रूपान्तरणलाई सफलतापूर्वक हासिल गर्नु छ र सामाजिक सम्बन्धहरूलाई पूर्णतामा लानु छ भने वैचारिक क्रान्तिलाई ठोस प्राथमिकतामा राख्दै प्राविधिक र सांस्कृतिक क्रान्तिलाई पनि सँगसँगै अगाडि बढाउनुपर्दछ ।

हामीले विचार, सैन्य मामला र विज्ञानलाई महत्त्व दिने पार्टी कार्यदिशालाई दह्रोसँग पक्डिएर हराभरा समाजवादी राष्ट्र निर्माणलाई अगाडि बढाउनुपर्दछ ।

हाम्रो क्रान्तिको प्राथमिक किल्लाको रूपमा रहेको राजनैतिक तथा वैचारिक हैसियतलाई बलियो पार्ने कार्यलाई प्राथमिकतामा राखिनुपर्दछ ।

पार्टी सदस्यहरू र अन्य जनताबिच पाँचबुँदे वैचारिक शिक्षा सञ्चालन गरी हामीले पाक्तुको क्रान्तिकारी मर्मका साथ बलिरहेको रापिलो हृदय भएका उनीहरूलाई महान् विचार र निष्ठामा तयार पार्नुपर्दछ । उनीहरूले नै सबैतिर र सधैँभरि एकमना एकत्वको उत्साहका साथ हाम्रो रक्षा गर्दछन् । त्यस्तैगरी, साम्राज्यवादविरोधी वर्ग सचेतनाको भावनाले ओतप्रोत रही हाम्रो वर्गीय हैसियत र क्रान्तिकारी हैसियतलाई चट्टानजस्तै बलियो पार्न, सदा प्रयासरत उनीहरूलाई वर्गसङ्घर्षका अग्रदस्ता बनाउनुपर्दछ । भित्रैबाट हाम्रो समाजवादी व्यवस्थालाई धराशायी पार्ने शत्रुका विविध चालहरूप्रति चनाखो भइरहनुपर्दछ । राजनैतिक सचेतनाका साथ यस्ता चालहरूलाई रोक्नुपर्दछ र समाजवादको बगैँचामा जस्तोसुकै तुच्छ प्रकारको किन नहोओस्, पुँजीवादी विषालु झारपातहरूलाई कहिल्यै आउन दिनुहुँदैन । समग्र देशले पुरानो प्रकारको नैतिकता तथा जीवन पद्धतिलाई अन्त्य गर्ने प्रयास गर्नुपर्दछ र आम जनताले एक आपसलाई सहयोग गरिरहने र अगाडि बढाइरहने उत्कृष्ट र सामाञ्जस्यपूर्ण ठुलो समाजवादी परिवारको सुन्दर व्यवस्थालाई पूर्णता दिनुपर्दछ ।

नयाँ पुस्ताका युवाहरू कसरी तयारी अवस्थामा छन् भन्ने कुरामा देशको भविष्य र क्रान्तिको आशावादिता भर पर्दछ । पार्टीका सम्पूर्ण भ्रातृ सङ्गठनहरूले युवाहरूलाई महत्त्व दिँदै पार्टीका विचार र कार्यदिशालाई बलियोसँग पक्डनुपर्दछ । पार्टी वरिपरि युवाहरूलाई गोलबद्ध गर्दै उनीहरूसँगको सहकार्यमा ठुलो प्रयास लगाउनुपर्दछ । पार्टीको शुद्ध र सफा वैचारिक प्राणवायु र निष्ठाको रगतलाई बोकेर हिँड्न सक्ने गरी युवाहरूलाई क्रान्तिका अग्र लडाकु दस्ता र युवा सङ्गठन अभिनेता बनाउन प्रोत्साहित गर्नुपर्दछ र अन्तिमसम्म युवाको भाग्यलाई पार्टीको भाग्य बनाउनुपर्दछ ।

पार्टीका आत्मनिर्भर प्रतिरक्षा क्षमताहरू सोङ्गुन कोरियाका प्रतिष्ठा, सार्वभौमिकता र विजयको सुनिश्चितता हुन् । पार्टीको आत्मनिर्भर प्रतिरक्षाको सैन्य कार्यदिशा र दुवै मोर्चालाई एकसाथ अगाडि बढाउने पार्टीको कार्यदिशाअनुसार देशको प्रतिरक्षा क्षमतालाई थप बढाउने उद्देश्य हासिल गरिनुपर्दछ ।

पार्टीले क्रान्तिकारी सैन्य माहोल, आफूभित्र सैन्य अनुशासनजस्ता सर्वोच्च सेनाध्यक्षको आदेश प्रणालीलाई पूर्ण रूपमा स्थापित गर्नुपर्दछ । सबै राष्ट्रसेवी कर्मचारीलाई सयको विरूद्ध एकअनुसारको लडाकु बन्ने र आफ्ना सबै एकाइहरूलाई उच्च स्तरका लडाकु फौजको रूपमा तयार पार्न, युद्ध तथा राजनैतिक प्रशिक्षणलाई घनिभूत पार्नुपर्दछ ।

पार्टीले सधैँ हाम्रो क्रान्तिको पहिलो पङ्क्तिमा उभिएर अग्रता कायम राख्ने छलाङ मार्नुपर्दछ । 'एकै पटक सबै' भन्ने आफ्नो लडाकु उत्साहलाई पूर्णता दिनुपर्दछ र हराभरा राष्ट्र निर्माणको सबै मोर्चामा महान् सेना-जनता एकताको सामर्थ्यलाई पूर्णतामा पुऱ्याउनुपर्दछ ।

हामीले ठुलो सङ्ख्यामा आफ्नै प्रकारका शक्तिशाली धारिलो सैन्य हात-हतियार उत्पादन गर्नुपर्दछ । हाम्रो आत्मरक्षात्मक आणविक प्रतिरोधलाई निरन्तर बढाइरहनुपर्दछ र आम जनप्रतिरोधको लागि हाम्रा तयारीलाई पूर्णता दिनुपर्दछ ।

जतिसक्यो समयमै आधुनिक विज्ञान तथा प्रविधिको सहयोगले आर्थिक शक्ति तथा सभ्य राष्ट्र निर्माण गर्ने पार्टीको सङ्कल्प र चाहना रहेको छ । हामीले विज्ञान र प्रविधिको विकासलाई ठोस प्राथमिकता दिनुपर्दछ र हराभरा समाजवादी राष्ट्रका सबै पक्षलाई समेट्ने गरी शक्तिशाली अर्थव्यवस्था र सभ्यताको उच्च स्तर भएको समाजवादी राष्ट्र निर्माण गर्ने कार्यमा हाम्रा सबै प्रयासहरूलाई केन्द्रित गर्नुपर्दछ ।

पार्टीले अगाडि सारेको क्रान्तिकारी आर्थिक कार्यदिशा र नीतिहरूमा प्रतिबद्ध रहँदै हामीले चरणबद्ध रूपमा आर्थिक शक्ति बनाउने लक्ष्य हासिल गर्ने, सङ्घर्षलाई घनिभूत रूपमा सञ्चालन गर्नुपर्दछ । राष्ट्रिय अर्थतन्त्रका सबै अग्रमोर्चालाई टेवा दिने कार्यमा आफ्ना प्रयासहरू केन्द्रित गर्नुपर्दछ ।

जनताले सन्तुष्ट हुने गरी, समाजवादको फाइदा उपयोग गरून् र संसारमा कुनै पनि कुराप्रति इर्ष्या नरहने गरी खुसी जीवन बिताऊन् भन्नाका लागि पार्टीको योजना र चाहनाअनुसार, जनताको जीवनस्तर सुधार गर्ने काममा आफ्ना प्राथमिक प्रयासहरूलाई लगाउनुपर्दछ ।

हामीले एक्काइसौँ शताब्दीमा सभ्यताको नयाँ सुनौलो युग सुरु गर्नेजस्तो सभ्य समाजवादी राष्ट्रको लागि उपयुक्त प्रकारका शिक्षा, जनस्वास्थ्य, खेलकुद, कला तथा साहित्यलगायत संस्कृतिका सबै क्षेत्रको विकास गर्नुपर्दछ ।

कोरियाली जातिको दीर्घकालीन चाहनाको रूपमा रहेको राष्ट्रिय पुनः एकीकरणको ऐतिहासिक ध्येयलाई बिना असफलता हासिल गरिनुपर्दछ ।

देश र राष्ट्रको भाग्य र भविष्यप्रतिको जिम्मेवारीलाई आत्मसात गरेको कोरियाली श्रमिक पार्टीको लागि राष्ट्रिय पुनःएकीकरण नै सबैभन्दा महत्त्वपूर्ण कार्यभार हो । विगत शताब्दीदेखि कायम रहेको राष्ट्र विभाजनको पीडालाई अब हामीले सहनुहुँदैन । उत्तर-दक्षिण कोरियाबिचको ऐतिहासिक जून १५ को संयुक्त घोषणा र उनीहरूबिच सहमति भएको अक्टोबर ४ को घोषणाका राष्ट्रिय पुनः एकीकरणको लागि तीन सिद्धान्तमा स्पष्ट पारिएअनुसार हामीले आफै आफ्नो राष्ट्रको सिद्धान्तमा आधारित रही विदेशी शक्तिलाई इन्कार गरी, स्वतन्त्रताका साथ देशको पुनः एकीकरण गर्नुपर्दछ ।

महान् नेताहरूको चाहना र मार्गनिर्देशनलाई अवलम्बन गर्दै हामीले राष्ट्रिय पुनः एकीकरणको ऐतिहासिक ध्येयलाई हासिल गर्नुपर्दछ र यस भूमिमा सम्पन्न पुनः एकीकृत देश निर्माण गर्नुपर्दछ ।

हामीले पार्टीको स्वतन्त्रताको विदेश नीतिलाई कार्यान्वयन गर्नुपर्दछ र विश्वव्यापी स्वतन्त्रताको ध्येयलाई हासिल गर्न योगदान पुऱ्याउनुपर्दछ ।

स्वतन्त्रता, शान्ति र मित्रताको आदर्शमा आधारित रही, हामीले आफूप्रति मित्रवत् रहने अन्य देशहरूसँगको सम्बन्धलाई विकास गर्नुपर्दछ । प्रभुत्व र मनपरी एकाधिकारको खोजी गर्ने साम्राज्यवादी र प्रभुत्ववादी अतिक्रमण र हस्तक्षेपका योजनाहरूलाई कठोरताका साथ निर्मूल पार्नुपर्दछ र अन्त्यमा विश्वव्यापी शान्ति, सुरक्षा र स्वतन्त्रता हासिल गर्नुपर्दछ ।

यतिबेला हाम्रो अगाडि परीक्षा र कठिनाइहरूलाई बहादुरीका साथ सामना गर्दै जुछे-क्रान्तिको ध्येयको अन्तिम विजयलाई तिव्रता दिने हालसम्मको बाँकी उत्कृष्ट कार्यभार हाम्रोसामु छ ।

सबै राष्ट्रसेवी कर्मचारी र जनता एक मन र उद्देश्यका साथ पार्टी वरिपरि गोलबद्ध रहनुपर्दछ । क्रान्तिको अन्तिम विजयतिर आम रूपमा अगाडि बढ्न कदम बढाउनुपर्दछ । यस कोरियाली श्रमिक पार्टीले भविष्यमा पनि किम इल सङ र किम जोङ इलको महान् पार्टीको रूपमा आफ्नो प्रतिष्ठा र सामर्थ्य सारा संसारलाई देखाउनेछ ।

किम इल सङ र किम जोङ इलको महान् पार्टीको यो पवित्र ध्येय सदा विजयी रहनेछ ।

*(४ अक्टोबर २०१५ मा कोरियाली मजदुर पार्टीको ७० औँ स्थापना दिवसको अवसरमा २२ असोज, २०७४ मा प्रकाशित 'किम जोङ उन' बाट साभार)*

**समाप्त**

# घातक बाढीपछि चीनमा टाइफुनको खतरा



पेइचिङ, २६ असार (एपी)। एक साताायता आएको भीषण आँधी र बाढीका कारण कम्तीमा ५० जनाको ज्यान गइसकेको चीनमा शक्तिशाली टाइफुन 'बवी' पूर्वी तटतर्फ अघि बढेपछि उच्च सतर्कता अपनाइएको छ। अधिकारीहरूले हजारौँ नागरिकलाई सुरक्षित स्थानमा सारेका छन् भने उद्धार टोलीलाई तयारी अवस्थामा राखिएको छ।

प्रतिघण्टा १६२ किलोमिटरको अधिकतम निरन्तर गतिमा बहिरहेको टाइफुन 'बवी' शुक्रबार ताइवानको उत्तर भाग हुँदै अघि बढ्ने र त्यसपछि शनिबार राति चीनको फुजियान र झेजियाङ प्रान्तको सीमाक्षेत्र नजिकै स्थलभागमा प्रवेश गर्ने अनुमान गरिएको छ। यसअघि यसले साइपनसहित प्रशान्त क्षेत्रका अमेरिकी भूभागमा सुपर टाइफुनका रूपमा तीव्र हावा र वर्षा गराएको थियो।

ताइवानमा भारी वर्षाको पूर्वानुमानसँगै राजधानी ताइपेईका विद्यालय बन्द गरिएका छन्। उत्तरी तटमा माछा मार्ने डुङ्गाहरू बन्दरगाहमा बाँधिएका छन् भने जापान, हङकङलगायतका गन्तव्यका धेरै उडान शनिबारसम्म रद्द गरिएका छन्।

चीनको झेजियाङ प्रान्तमा १७ हजारभन्दा बढी नागरिकलाई सुरक्षित स्थानमा सारिएको छ। करिब एक लाख ७० हजार उद्धारकर्मीलाई सम्भावित विपद्का लागि तयारी अवस्थामा राखिएको सरकारी समाचार संस्था सिन्ह्वाले जनाएको छ। फुजियान प्रान्तले तीव्र हावा र उग्र समुद्री अवस्थाका कारण केही जलमार्ग सेवा स्थगित गर्नुका साथै सबै माछा मार्ने डुङ्गालाई बन्दरगाह फर्किन निर्देशन दिएको छ।

यसअघि दक्षिणी चीनमा आएको उष्णकटिबन्धीय आँधी 'मेसाक' का कारण गुआङ्सी क्षेत्रमा आएको बाढीमा कम्तीमा ३९ जनाको मृत्यु भएको अधिकारीहरूले पुष्टि गरेका छन्। अत्यधिक वर्षाले जलाशयहरू फुटेका थिए भने हेङ्झाउस्थित बाँधको एक भाग भत्किएपछि ठूलो क्षेत्रमा बाढी फैलिएको थियो। धेरै मानिसहरू भवनका माथिल्ला तलामा दिनौँसम्म फसेका थिए र विद्युत् सेवा समेत अवरुद्ध भएको थियो। यस्तै, मध्य चीनको हुबेई प्रान्तमा सोमबार राति आएको भीषण आँधीका कारण थप ११ जनाको मृत्यु भएको थियो।

यसैबिच, पश्चिमी चीनको गान्सु प्रान्तमा मङ्गलबार आएको भूस्खलनमा २१ जना वनकर्मीको मृत्यु भएको छ। उक्त घटना टाइफुनसँग प्रत्यक्ष सम्बन्धित नभए पनि प्रतिकूल मौसमका कारण उद्धार कार्य प्रभावित भएको जनाइएको छ।

# हाइटीमा श्रीलङ्काली सुरक्षा टोली परिचालन

पोर्ट-अउ-प्रिन्स, २६ असार (एएफपी)। गिरोह हिंसाले वर्षौंदेखि सङ्कटग्रस्त बनेको हाइटीमा संयुक्त राष्ट्रसङ्घ समर्थित नयाँ अन्तर्राष्ट्रिय गिरोह दमन बल (जिएसएफ) मा श्रीलङ्काको सुरक्षा टोली सहभागी भएको छ। संयुक्त राष्ट्रसङ्घ समर्थित उक्त बलले हाइटीको राष्ट्रिय प्रहरीलाई सशस्त्र गिरोहमाथि नियन्त्रण कायम गर्न सहयोग गर्नेछ।

जिएसएफका एक प्रवक्ताका अनुसार श्रीलङ्काली टोली बुधबार राति पोर्ट-अउ-प्रिन्स पुगेको हो। परिचालन सुरक्षाका कारण टोलीको सदस्य सङ्ख्या सार्वजनिक नगरिएको उहाँले बताउनुभयो। बलको क्षमता विस्तार गर्ने योजनाअन्तर्गत आगामी केही साताामा थप सुरक्षा टोली पनि परिचालन गरिने जनाइएको छ।

पूर्ण रूपमा सञ्चालनमा आएपछि उक्त बलमा पाँच हजार पाँच सय वर्दीधारी सुरक्षा कर्मचारी तथा ५० जना नागरिक कर्मचारी रहने लक्ष्य राखिएको छ। यसको मुख्य जिम्मेवारी राजधानी पोर्ट-अउ-प्रिन्सको ठूलो भाग र प्रमुख सडकहरू नियन्त्रणमा लिएका सशस्त्र गिरोहविरुद्ध हाइटी राष्ट्रिय प्रहरीलाई सहयोग गर्नु, रणनीतिक पूर्वाधारको सुरक्षा गर्नु, सार्वजनिक सुरक्षा पुन:स्थापित गर्नु तथा निर्वाचनका लागि आवश्यक वातावरण तयार गर्नु हो।

हाइटीमा शक्तिशाली आपराधिक गिरोहहरूले हत्या, बलात्कार, लुटपाट र अपहरणका घटना बढाएपछि देश लामो समयदेखि गम्भीर सुरक्षा सङ्कटमा फसेको छ। संयुक्त राष्ट्रसङ्घका मानवअधिकार प्रमुख भोल्कर टर्कका अनुसार सन् २०२६ को पहिलो छ महिनामात्रै गिरोह हिंसामा कम्तीमा दुई हजार तीन सय जनाको मृत्यु र एक हजार एक सय जना घाइते भएका छन्। उहाँले गत महिना नयाँ सुरक्षा बलको परिचालन अत्यन्त आवश्यक रहेको बताउनुभएको थियो।

गत वर्ष संयुक्त राष्ट्र सुरक्षा परिषद्को निर्णयअनुसार गठन गरिएको जिएसएफले सीमित स्रोत र जनशक्तिका कारण प्रभावकारी हुन नसकेको बहुराष्ट्रिय सुरक्षा सहयोग मिसन (एमएसएस) लाई क्रमश: प्रतिस्थापन गर्नेछ। हालसम्म यस बलमा चाड, मङ्गोलिया, जमैका, ग्वाटेमाला, एल साल्भाडोर र श्रीलङ्कासहित छ देशका एक हजारभन्दा कम सुरक्षाकर्मी सहभागी भएका छन्।

यसैबिच पोर्ट-अउ-प्रिन्सबाट करिब २० किलोमिटर दक्षिणस्थित केन्स्कफ नगरमा बुधबार भएको गिरोह आक्रमणमा धेरै सर्वसाधारणको मृत्यु हुनुका साथै दर्जनौं घरमा आगजनी भएको स्थानीय अधिकारीहरूले बताएका छन्।

हाइटीमा बिग्रँदो सुरक्षा अवस्थाका कारण सन् २०१६ यता कुनै पनि निर्वाचन हुन सकेको छैन। उता, हाइटीका लागि संयुक्त राष्ट्रसङ्घले सन् २०२६ का लागि छुट्याएको ८० करोड अमेरिकी डलर बराबरको मानवीय सहायता योजनामा हालसम्म एक चौथाइभन्दा कम रकम मात्रै जुटेको छ। गत जुनमा हाइटी भ्रमणको क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अन्तर्राष्ट्रिय समुदायले हाइटीप्रति देखाएको उदासीनताको आलोचना गर्नुभएको थियो।

# अस्ट्रेलियाको समुद्री पक्षीमा एच-५ बर्ड फ्लु पुष्टि

सिड्नी, २६ असार (एएफपी)। वैज्ञानिकहरूले पहिलो पटक अस्ट्रेलियाको समुद्री पक्षीमा सङ्क्रामक रोग एच -५ बर्ड फ्लू पत्ता लगाएको अस्ट्रेलिया सरकारले शुक्रबार जनाएको छ।

गत जुनदेखि अस्ट्रेलियामा एच-५ बर्ड फ्लूको कुल १२ वटा सङ्क्रमण पुष्टि भएको र सङ्क्रमण स्थानीय वन्यजन्तुमा नभई प्रवासी समुद्री चरामा भएको जनाइएको छ।

प्रयोगशाला परीक्षणले यो रोगले दक्षिण अस्ट्रेलियाको रोबे सहरको ग्रेटर केस्टेड टर्नलाई सङ्क्रमित गरेको पुष्टि गरेको छ।

यद्यपि सङ्क्रमणको वृद्धि एक चिन्ताजनक अवस्था भएको कृषिमन्त्री जुली कोलिन्सले बताउनुभएको छ। उहाँले हालैको एच-५ बर्ड फ्लूका सङ्क्रमणका कारण मृत्यु भएको कुनै प्रमाण नभएको होबार्टमा आयोजित पत्रकार सम्मेलनमा बताउनुभएको छ।

भाइरस अन्य पशु , कुखुरापालन वा मानव समुदाय र कृषि प्रणालीहरूमा फैलिएको कुनै सङ्केत नभएकाले मानव स्वास्थ्यका लागि जोखिम कम रहेको उहाँले बताउनुभएको छ।

उहाँले प्रवासी समुद्री चराहरूसँग सम्पर्कमा रहने एक तटीय समुद्री पक्षीमा एच-५ परीक्षण सकारात्मक परीक्षण देखिएको उल्लेख गर्नुभएको हो।

दक्षिण अस्ट्रेलियाको प्रान्तीय सरकारले चरा फेला परेको क्षेत्रमा "उन्नत निगरानी" लागू गरेको उहाँले बताउनुभएको छ।

यस घातक रोगले अस्ट्रेलियाली जीवजन्तुहरूले सामना गर्ने जोखिमलाई थप्न सक्ने चिन्ता बढेका जनाइएको छ।

एच-५ वंशबाट सबैभन्दा बढी प्रभावित हुने जङ्गली चराहरूमा जलपक्षी, तटीय चराहरू, समुद्री चराहरू रहेको जनाइएको छ।

समुद्री जनावरका साथै अन्य जनावरहरूजस्तै बिरालो, बाखा, र सुँगुरहरूमा पनि रोगको सङ्क्रमण पुष्टि भएको देखिएको छ।

अधिकारीहरूले यो रोग अन्टार्कटिकबाट बसाइँसराइ गरी आएका चराहरूबाट अस्ट्रेलियामा आएको हो कि अन्यत्रबाट फैलिएको हो भन्ने विषयमा अनुसन्धान भइरहेको जनाएका छन्।

## विश्व सङ्क्षेप

# युद्ध-विराम प्रयासको बाबजुत गाजामा इजरायली आक्रमण जारी पछिल्लो आक्रमणमा ६ जनाको मृत्यु

गाजा, २६ असार (एएनआई)। अमेरिकी मध्यस्थतामा गरिएको "युद्धविराम" प्रयासको को बाबजुद गाजामा भएको पछिल्लो इजरायली आक्रमणमा छ जनाको मृत्यु भएको अल जजिराले गाजाको नागरिक सुरक्षा एजेन्सी र स्वास्थ्य अधिकारीहरूलाई उद्धृत गर्दै जनाएको छ।

इजरायली ड्रोनले मध्य गाजाको नुसिरात शिविरमा प्रहार गरेपछि दुई जनाको मृत्यु भएको र अन्य चार जनाको यस क्षेत्रका विभिन्न भाग भएको आक्रमणमा परीमा मृत्यु भएको नागरिक सुरक्षा एजेन्सीलाई उद्धृत गर्दै अल जजिराले जनाएको छ। गाजाका अस्पतालहरूले आक्रमणमा मृत्यु भएकाहरूको शवको पहिचा भईसकेको जनाइएको छ।

तेहरानको स्ट्रेट अफ होर्मुजमा आवागमन स्वतन्त्रतालाई धम्की दिने क्षमतालाई अझ कम गर्न, व्यावसायिक जहाज र नागरिक चालक दलहरूमा आक्रमण गरेपछि युएस सेन्ट्रल कमान्ड (सेन्टकम) ले इरानको विरुद्ध थप आक्रमण गर्न थालेको घोषणा गरेको छ।

सामाजिक सञ्जाल एक्समा गरिएको पोस्टमा युएस सेन्टकमले कमान्डर इन चिफको निर्देशनमा, युएस सेन्ट्रल कमान्ड फोर्सहरूले होर्मुजको जलमार्गमा इरानविरुद्ध थप आक्रमण गर्न थालेको जनाइएको छ।

यसैबिच, इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) ले बिहीबार उत्तरी जोर्डनमा रहेको अमेरिकी अल-अजराक एयर बेसमा १० वटा ब्यालेस्टिक मिसाइल प्रहार गरेको दाबी गरेको छ।

वासिङ्टनले तेहरानमा गरेको आक्रमणको प्रतिक्रियामा यी जवाबी आक्रमणहरू भएको आइआरजिसीले जनाएको छ।

इरानको सरकारी मिडिया इस्लामिक रिपब्लिक अफ इरान ब्रोडकास्टिङ (आइआरआइबी) ले आइआरजिसीले मिसाइल आक्रमणलाई संयुक्त राज्य अमेरिकाको आक्रमणको प्रतिक्रियाको "दोस्रो चरण" को रूपमा वर्णन गरेको छ।

आईआरजिसीले अमेरिकी सैन्य कारबाहीले यस क्षेत्रका अमेरिकी सुविधाहरूमा थप आक्रमणहरू निम्त्याउने चेतावनी दिँदै विज्ञप्ति जारी गरेको छ

# अस्ट्रेलियाद्वारा मध्यपूर्वमा युद्ध-विरामको आह्वान

क्यानबेरा, २६ असार (सिन्हवा)। अमेरिका र इरानले पुन: आक्रमण सुरु गरेपछि अस्ट्रेलियाका विदेशमन्त्री पेनी वोङले शुक्रबार द्वन्द्व अन्त्य गर्नका लागि युद्ध-विरामको आह्वान गर्नुभएको छ।

वोङले अस्ट्रेलियन ब्रोडकास्टिङ कर्पोरेसन (एबीसी) टेलिभिजनसँग बुराकानी गर्दै उहाँले अस्ट्रेलियालयायत समग्र विश्वले मध्य पूर्वका नागरिक र विश्वव्यापी अर्थतन्त्रको फाइदाका लागि द्वन्द्वको अन्त्य चाहेको बताउनुभएको छ।

यस क्षेत्रका जनताका लागि मात्र नभइ विश्वव्यापी अर्थतन्त्रमा परेको प्रभावका कारण विश्व साँच्चै यो युद्धविरामलाई कायम राख्न, बलियो बनाउन र द्वन्द्वको अन्त्य हेर्न चाहेको उहाँले प्रष्ट पार्नु भएको छ।

संयुक्त राज्य अमेरिका र इरानले मङ्गलबार देखि बिहीबारसम्म गरेका ताजा आक्रमणका कारण नयाँ चरणको तनावलाई बढावा दिएको भान भएकोसमेत यहाँले जनाउनुभएको छ।

होर्मुजको जलमार्ग पार गर्ने व्यापारिक जहाजहरूमा हालैका इरानी आक्रमणहरूको प्रतिक्रियामा, अमेरिकाले इरानका धेरै लक्ष्यहरूमा आक्रमण गर्दा परिणामस्वरूप हताहत र पूर्वाधार क्षति भएको जनाइएको छ।

यसको बदलामा इरानले कुवेत, बहराइन, कतार र जोर्डनमा रहेका अमेरिकी सैन्य अड्डाहरू र सुविधाहरूमासमेत मिसाइल तथा ड्रोन आक्रमण गरेको जनाइएको छ।

# स्पेनमा आगलागी, १२ जनाको मृत्यु

म्याड्रिड, २६ असार (सिन्ह्वा)। स्पेनको दक्षिणी अन्डालुसियाको अल्मेरिया प्रान्तको लस ग्यालार्डोस क्षेत्रमा आगलागी हुँदा १२ जनाको मृत्यु भएको स्थानीय आपतकालीन सेवाले जनाएको छ।

अन्डालुसियाको आपतकालीन सेवाले उच्च तापक्रम, कम आर्द्रता र तीव्र हावाले गर्दा, जङ्गली आगो बेदार नगरपालिकामा द्रुत गतिमा फैलिदा मावविय क्षेति भएको जनाएको छ।

सरकारले अन्डालुसियाका आगलागीपछि चेतावनी जारी गरी प्रभावित क्षेत्र तथा नजिकका बासिन्दाहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी यस क्षेत्रको सडक खण्डहरू अस्थायी रूपमा बन्द गरेको जनाएको छ।

केही पीडितहरू आगोले ढाकेका गाडीहरूभित्र फेला परेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

आगो नियन्त्रण गर्न "इन्फोकाले ग्राउन्ड क्रू," "फायर फाइटिङ एयरक्राफ्ट" र हेलिकप्टरहरू तैनाथ गरी रातभर आगो निभाउने कार्य जारी रहेको जनाइएको छ।

अधिकारीहरूले आगलागीको कारण निर्धारण गर्न र पीडितहरूको औपचारिक रूपमा पहिचान गर्न अनुसन्धान सुरु गरिसकको जनाएका छन् भने आपतकालीन सेवाहरू सतर्क अवस्था रहेको तथा किनभने आगलागी नियन्त्रण प्रयास जारी रहेको जनाइएको छ।

# विश्वकै उदाहरणीय सम्पदा ङातापोल्हँ

✍ सत्यराम कासिछ्वा

ङातापोल्हँको बुँसादा

भक्तपुरको टौमढीमा अवस्थित ङातापोल्हँ मन्दिरको जन्मदिन आषाढ शुक्ल प्रतिपदाको दिनमा मनाइन्छ । यस दिनलाई स्थानीय भाषामा ङातापोल्हँको बुँसादा भनिन्छ । मन्दिरको निर्माण सम्पन्न भूपतीन्द्र मल्लको पालामा नेपाल संवत् ८२२ को आषाढ शुक्ल प्रतिपदाको दिन भएको मानिन्छ । त्यसैको सम्झनामा हरेक वर्ष सोही तिथीमा वार्षिकोत्सवको रूपमा बुँसादा मनाइन्छ ।

यस वर्ष असार ३१ गते बुधबार ३२४ औं वार्षिकोत्सव (बुँसादा) परेको छ । सो दिन गुठी संस्थानको बजेटले अवाल समुदायका सम्बन्धित गुठीयारद्वारा पूजा र भेटी चढाइन्छ । मन्दिरको मुख्य ढोका खोलिन्छ; तोकिएका जोशी र आचाजु पुजारीहरू विश्व शान्ति र जनताको खुसीको लागि पूजा र अनुष्ठान गर्छन् । सोही दिन जोखिम मोलेर मन्दिरको छानामा उम्रिएका घाँस उखेल्ने, अन्य सरसफाइ गर्ने र सामान्य मर्मतसम्भार गरी गजुरमाथि झण्डा फहराइन्छ ।

नेपालको सबैभन्दा अग्लो मन्दिर ङातापोल्हँ १८ औं शताब्दीमा राजा भूपतीन्द्र मल्लले निर्माण गराएका थिए ।

राजा भूपतीन्द्र मल्लले मन्दिरको नियमित सरसफाइ र मर्मतसम्भार सुनिश्चित गर्न वार्षिक अनुष्ठान सुरु गरिएको थियो । उक्त मन्दिर सिद्धिलक्ष्मी, भैरव र बेतालसँग पनि समर्पित छ । ङातापोल्हँको बुँसादाको दिन तान्त्रिक अभ्यासमा निपुण व्यक्तिहरूलाई मात्र मन्दिरमा प्रवेश गर्न अनुमति दिइन्छ किनकि यसलाई देवीको तान्त्रिक ऊर्जाको अवतार मानिन्छ ।

मल्लकालमा छालिङ, जितपुर, बागेश्वरी, साँखु (साकवा), झौखेल ( झौख्या), चाँगु (चाँघु), गोकर्ण, पनौती ( पन्ती) लगायतका किसान, मजदुर तथा स्थानीय समुदायले समेत मन्दिर निर्माणमा सहभागिता जनाएका थिए ।

ङातापोल्हँ मन्दिर परम्परागत इन्जिनियरिङको उत्कृष्ट उदाहरण मानिन्छ । सन् १७०१/१७०२ मा निर्माण भएको यो पाँचतले मन्दिरमा शक्तिशाली भूकम्पले समेत मुख्य संरचनामा क्षति पुऱ्याउन सकेन । जसले यसको उत्कृष्ट इन्जिनियरिङ क्षमता प्रमाणित गर्छ ।

ङातापोल्हँका प्रमुख मौलिक इन्जिनियरिङ विशेषताहरू

१) अत्यन्त बलियो र अग्लो जग : मन्दिर पाँच तहको विशाल आधार तह माथि निर्माण गरिएको छ । यो अग्लो आधारले गुरुत्व केन्द्रलाई स्थिर राख्छ । यसले भूकम्पको कम्पनलाई माथिल्लो संरचनामा कम प्रभाव पार्न मद्दत गर्छ ।

२) तल फराकिलो, माथि क्रमश: साँघुरो : प्रत्येक तला माथिल्लोतर्फ सानो हुँदै गएकोले तौल समान रूपमा वितरण हुन्छ र संरचनाको स्थिरता बढ्छ ।

३) काठ र इँटाको संयोजन : मुख्य संरचनामा पाकेको इँटा, माटोको गारो र विभिन्न जातका काठ प्रयोग गरिएको छ । काठ केही लचकदार हुने भएकाले भूकम्पीय ऊर्जा सोस्न सहयोग गर्छ ।



४) खुला भित्री संरचना : पहिलो तलामाथि ठुला भित्री तला नराखी खुला संरचना अपनाइएको छ, जसले तौल घटाउँछ र भूकम्पका बेला संरचनामा आउने बल कम गर्छ ।

५) सन्तुलित डिजाइन : मन्दिरको भार केन्द्रमा सन्तुलित रूपमा वितरण गरिएको छ, जसले भूकम्पको जोखिमबाट ढल्किने सम्भावना कम गर्छ ।

६) उच्च गुणस्तरको निर्माण व्यवस्थापन : ऐतिहासिक अभिलेखअनुसार निर्माणअघि आवश्यक काठ, इँटा, ढुङ्गा र धातु सामग्रीको तयारी गरिएको थियो ।

यो मन्दिर निर्माणमा तत्कालीन राजा भूपतीन्द्र मल्ललगायत राजपरिवार, चौकीदारहरू तथा भारद्वारहरूले समेत श्रमदान गरेको इतिहासमा अध्ययन गर्न सकिन्छ । यहाँका हजारौं किसान, मजदुरलगायत विभिन्न परम्परागत र मौलिक सीप भएका कामदार र दक्ष कालीगढको समन्वयमा करिब ६ महिनामै निर्माण सम्पन्न भएको मानिन्छ ।

आजको संरा अमेरिका समृद्ध र विकास हुनुभन्दा अघि नै नेपालका थुप्रै राज्यहरू सम्पन्न र शक्तिशाली थियो । त्यसमध्ये भक्तपुर पनि एक हो । भक्तपुरमा आजभन्दा ३२४ वर्ष पहिले इन्जिनियरिङ र प्रविधिको विकास नभएको बेलामा नै ठुला भूकम्पलाई समेत चुनौती दिएको सम्पदाको रूपमा ङातापोल्हँ मन्दिर रहेको छ ।

सात आश्चर्यमा ङातापोल्हँ मन्दिर पनि समावेश गर्नुपर्ने

२२ वर्ष लगाएर सन् १६४८ मा बनेको भारतको आगरा सहरको ताजमहल र ९ वर्ष लगाएर सन् १९३१ मा बनेको ब्राजिलको राजधानी सहर रियो दी जेनेरियोको क्राइस्ट द रिडीमर मूर्तिलाई आधुनिक विश्वको सात आश्चर्य मानिएको छ । तर, ताजमहल निर्माण भएको ५० वर्षपछि सन् १७०१/०२ को ६ महिनामा तयार भएको ङातापोल्हँ मन्दिरलाई पनि आधुनिक विश्वको सात आश्चर्यमा समावेश गर्न आवश्यक छ ।

ङातापोल्हँ मन्दिर एक मौलिक नेपाली प्यागोडा शैली वास्तुकलाको उत्कृष्ट नमुना हो । ङातापोल्हँ मन्दिरको निर्माण अघि र निर्माण पछि पनि यस्ता प्यागोडा शैलीका मठमन्दिरलगायत अन्य सम्पदा निर्माण भएका छन् र हुँदै छ ।

यिनै कारणले गर्दा ङातापोल्हँलाई आज पनि नेपालको परम्परागत भूकम्प प्रतिरोधी वास्तुकलाको उत्कृष्ट नमुना मानिन्छ । विश्वमा इन्जिनियरिङको अवधारणा आउनुपूर्व नै यस्तो संरचना निर्माणले आधुनिक संरचनात्मक इन्जिनियरहरूको लागि यसको डिजाइन अध्ययन सामग्री बन्दै गर्दा परम्परागत निर्माण प्रविधिलाई आधुनिकतासँग जोड्नु आजको आवश्यकता हो ।

वि. सं. १९९० र २०७२ को ठुलठुला विध्वंसात्मक भूकम्पमा समेत सुरक्षित यस ङातापोल्हँलाई विश्वका सात आश्चर्य सम्पदामध्ये एक आश्चर्यको सम्पदाको रूपमा सूचिकृत गर्न नेपाल सरकार लाग्नुपर्ने देखिन्छ ।

यसर्थ, यस्ता ऐतिहासिक ङातापोल्हँको मौलिक इन्जिनियरिङ अझै विश्वमै उदाहरणीय र अतुलनीय बनाई जोगाई राख्न नयाँ पुस्तालाई आधुनिकतासँगै मौलिक परम्परागत निर्माण प्रविधिबारे व्यवहारिक रूपमा अध्ययन अध्यापन गर्न जोड दिनुपर्छ ।

## कविता

### चोरलाई चोतारी

✍ साहिँला

कालापानी, लिम्पियाधुरा,
लिपुलेक, सुस्ता अतिक्रमण
प्राकृतिक प्रकोप होइन
विस्तारवादी अतिक्रमण ।

समथर भूमि मलिलो फाँटमा
लोभलाग्दो अन्न फलेको
बलिया मिचाहा संधियारले
रातारात किला सारेको ।

आफ्नो सम्पत्ति आफ्नै नहुने
मत्स्य न्याय त होइन
जिम्मेवार शासक अबुझ भई
भूमि सुम्पिने होइन ।

अस्ताउन लागेको सूर्यको किरणले
आकासै रातो भए नि
मनमा आश भई के गर्नु ?
क्षणभरमै अँध्यारो हुन्छ नि ।

न्याय अन्याय सारालाई ज्ञात छ
अन्याय सहनु त पापै हो
सत्य कुरा बोलिदिनु पनि
स्वाभिमानीको कर्तव्य हो ।

रातमा निद छैन, रूच्दैन खान
मनमा पीडा भइकन
दुष्ट छिमेकी भएपछि हेर
किला सार्न पछि पर्दैन ।

विध्वंसकारीलाई केको चिन्ता
खरानी बेच्ने दाउमा छन्
न्यायका पक्षपाति काला कोटेहरू
सार्वजनिक सम्पत्ति हडप्छन् ।

देशमा आगो लगाउनेहरू
देशभक्त समाजसेवी बन्दै छन्
'चोरलाई चोतारी' जस्तै
देशमा भइरहेको छ ।

### शिक्षाको ज्योति निवृत्त गुरु

✍ न्हुछेरत्न वुद्धाचार्य

शैक्षिक चेतनाको
बीजारोपण गरेर
विद्यारुपी प्रकाशको
प्रचार गर्दै गाउँ गाउँ घुम्ने
आफ्नो पौरखले
स्वाभिमानी भएर बाँच्ने
परिवर्तनशील समाजको अग्रदूत !

एक कलिलो हँसिलो
संसारको न्वारान गरेर
अनुशासित कर्तव्यपरायणताको
आत्म विश्वास जगाउने
एक कर्मठ शिक्षासेवी भएर
देश बोकी हिँडने साहसी मानव !

यो नवयुगको विद्याको सागरमा
हामी सबल छौं भनी
नयाँ उमङ्ग लिएर
धरतीका मुस्कानहरूलाई
देशको कर्णधार निर्माण गरेर
ज्ञानको मन्दिरको उन्नति र प्रगति गर्ने
अनुभवी अग्रज !

यो शान्ति भूमिमा
सुसंस्कृत समाजको निर्माण गरेर
उपकारी, समाजसेवी, सत्यवादी भएर
राष्ट्रको लागि आफ्नो जीवन अर्पण गरेर
अवकास प्राप्त गर्ने महान् गुरु !

तर,
तिम्रो आशा, तिम्रो भरोसा !
कहीँ ढोकाले थुनिदियो
कहीँ हावाले उडाइदियो
यस्तै असजिलो परिस्थितिमा छटपटिरहने
शिक्षाको ज्योति निवृत्त गुरु !

### प्रगतिशील देउडा गीत

✍ विजुकला राना, सुर्खेत

*क्लारा जेटकिनको जन्मजयन्ती, मनाउँदै छौँ हामी ।*
*क्रान्तिलाई अघि बढाई, उनकै विचार मानी ॥*
*अन्तर्राष्ट्रिय श्रमिक महिला, क्लारा र जेनी ।*
*समाजवादलाई अघि बढाऔँ, सबै होऔँ ज्ञानी ॥*
*पुँजीवादी व्यवस्थाले, विश्वमा फेल खायो ।*
*सर्वहारा गरिब जनले, धेरै दुःख पायो ॥*
*जनताले मुक्ति पाउन, समाजवाद चाहिनेछ ।*
*जनता सचेत नभइकन, सुख कहाँ पाइनेछ ?*
*साम्राज्यवाद, विस्तारवादले देश हाम्रो खाइदियो ।*
*उही विदेशी दलाल गुलाम, सरकारमा आइदियो ॥*
*अमेरिका-इरानको फेला, बल्ल अहिले परी ।*
*तेरो कल्याण हुन्न अब, पछाडि नसरी ॥*
*विश्वलाई आतङ्कित बनाई, साधन स्रोत लगी ।*
*कहाँ टिक्ला ट्रम्पको सत्ता, सारा विश्व ठगी ॥*

### धर्तीको धड्कन

✍ सत्य सुवाल

असारको त्यो भेलमा, हिलोमा चुर्लुम्म डुबेर जब म धान रोप्छु,
झरीको वेगसँगै मेरो पसिना, त्यो माटोको काखमा सुम्पन्छु ।
न रातको हेक्का, न दिनको सुझबुझ, हलो र कोदालोको तालमा,
जीवनको राग गुञ्जाउँदै, म असारको त्यही मेलोमा रमाउँछु ।
ती हिलोमा गाडिएका पाइला र हत्केलामा परेका फोकाहरू,
यिनैले त बुझेका छन्, तिमी फल्नुको अर्थ र पीडाको गहिराइ ।
न हिसाब छ श्रमको, न छ नाफा-घाटाको लोभ,
बस, माटोको काखमा प्राण भर्ने, एउटा अविरल सोख ।
सुन र चाँदीका गहना त, भोकको अगाडि पत्थर सरह,
अन्नको एक कणमा लुकेको छ, जीवनको असली भर ।
धनले त केवल सहरको चमक वा घरको भित्ता सजाउँछ,
तर यही अन्नले त, राजदरबारदेखि झुपडीसम्मको भोक मेटाउँछ ।
यो सत्यलाई बुझ्न, तराजु होइन, मनको दृष्टि चाहिन्छ,
अन्नको मर्म त, माटोमै पसिना बगाउनेले मात्र सहर्ष पाउँछ ।
त्यसैले हे अन्न! तिमीलाई नमन छ, यो जगतको सहारा हौ,
तिमी छौ र त सभ्यताको, यो सुन्दर दियो सल्किएको छ ।
तिम्रो एक मुठी दानामै, संसारको अस्तित्व अडेको छ,
तिमी नभए त यो धर्तीमा, केवल अन्धकारको बास हुन्छ ।
हे अन्न, तिमी धन्य! तिमी छौ र त यो जगत छ,
तिमी नभए यो संसारै शून्य हुन्छ, यही नै अन्तिम सत्य छ ।

### एक दिनको कुरा

✍ जयन्त पौडेल 'आश्रम'

एक दिनको कुरा हो
बिहान घुम्न जाँदा
बाटैमा नाबालक देख्न पुगेँ
माग्न भनी बस्या ॥१॥
हरे शरीरमा लुगै थिएन
पेट थियो चाउरेको
अनि अनुहार अति मलिन
कस्तो माया लाग्दो ॥२॥
सोचे कहाँको होला यो
कोही छन् छैनन्
यसरी माग्दै बस्या छ
पापी पेटैका लागि ॥३॥
मनै नमानी नजिक गएँ
सोधिहेर्दा रोएर भन्यो
धेरै दिन भो खाको छैन
केही पैसा पाउन ॥४॥
फेरि थप्यो पढ्नेबारे
कसले मलाई पढाउला
कोही छ कठै भन्ने
म टुहुरोलाई ॥५॥
सुनेरै दिक्क लाग्नु लाग्यो
प्रहरीको जिम्मा लगाएँ
बाटोभरि सोच्दै हिँडेँ
केही गरेझैँ लाग्यो ॥६॥

### ऐना

✍ सत्यजित

ऊ दिनभरि ऐना पुछिरहन्छ
आफ्नो रूप सफा देख्ने आसमा ।
तर धूलो ऐनामा थिएन
धूलो त
उसको आफ्नै अनुहारमा थियो
जसलाई ढाक्न ऊ
हरेक दिन झूटको क्रिम लगाउँछ ।
अहिले ऐना सफा छ
तर ऊ ऐना हेर्न डराउँछ
किनकि सत्य
सधैँ कुरूप हुँदोरहेछ ।

# एक करोड महिला तथा बालिकाहरूले मानवीय सहायतामा पहुँच गुमाएको संयुक्त राष्ट्रसङ्घद्वारा जानकारी

जेनेभा, २६ असार (एएफपी)। सन् २०२५ जनवरीभन्दा पछि विदेशी सहायता खर्चमा भएको ठुलो कटौतीका कारण कम्तीमा एक करोड महिला र बालिकाहरूले अत्यावश्यक मानवीय सहायतामा पहुँच गुमाएका संयुक्त राष्ट्रसङ्घले शुक्रबार चेतावनी दिएको छ। एउटा नयाँ रिपोर्टमा युन वुमेनले आवश्यकता बढिरहेको बेला महिला सङ्गठनहरू खारेज भएकोमा दुख व्यक्त गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत वर्ष पदभार ग्रहण गरेपछि विदेशी सहायतामा कटौती गर्नुभएको छ भने अन्य प्रमुख दाता देशहरूले पनि आफ्नो खर्च घटाएका छन्।

“संसारका सबैभन्दा गम्भीर मानवीय सङ्कटहरूको अग्रपंक्तिमा रहेका महिला सङ्गठनहरू बन्द हुने जोखिममा छन्,” युन वुमेनकी मानवीय सहायता प्रमुख सोफिया काल्टोर्पले एक विज्ञप्तिमा भन्नुभएको छ।

उहाँले भन्नुभयो, “महिला सङ्गठनहरूबाट हटाइएको प्रत्येक डलर भनेको द्वन्द्वसम्बन्धी यौनिक हिंसाका पीडित, विस्थापित आमा, विद्यालयबाट बाहिरिन बाध्य बालिका र बाँच्न सङ्घर्ष गरिरहेका समुदायहरूबाट हटाइएको डलर हो।”

संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वभर सशस्त्र द्वन्द्वहरू दोस्रो विश्वयुद्ध यताकै उच्च स्तरमा रहेको यो समयमा करिब १२ करोड महिला र बालिकाहरूलाई मानवीय सहायता र संरक्षणको आवश्यकता छ।

सङ्कटग्रस्त विभिन्न ५२ वटा देशहरूका ८५५ महिला नेतृत्वका तथा महिला अधिकार सङ्गठनहरूबाट प्राप्त जवाफहरूमा आधारित यो रिपोर्टले देखाएको छ कि ८४ प्रतिशत समूहले सन् २०२५ जनवरी यता आफ्ना सेवाहरूको माग बढेको अनुभव गरेका छन्।

“लगभग ९० प्रतिशतले उनीले हालको आवश्यकता पूरा गर्न नसक्ने बताउँछन्,” एजेन्सीले भनेको छ, “सर्वेक्षण गरिएकामध्ये दुईमा एक (४० प्रतिशत) सङ्गठनले आगामी एक वर्षभित्र अस्थायी वा स्थायी रूपमा बन्द हुने अपेक्षा गरेका छन्।”

यी सङ्गठनहरूलाई जोगाउनका लागि नेतृत्व र कर्मचारीहरूले आफ्नै श्रम र स्वास्थ्यको मूल्य चुकाइरहेका छन्।

पूर्ण ६५ प्रतिशत महिला नेतृत्वका सङ्गठनहरूले सेवाहरू सञ्चालन गर्न कर्मचारी बिनातलब काम गरिरहेको रिपोर्ट गरेका छन् भने लगभग आधाले कर्मचारीहरूमा बढ्दो थकान रिपोर्ट गरेका छन्।

युन वुमेनको विज्ञप्तिमा भनिएको छ, “सन् २०२५ मा पीडितहरूलाई संरक्षण गर्ने प्रणाली भत्किरहेको बेला द्वन्द्वसम्बन्धी यौनिक हिंसा दोब्बर बढेको छ।”

झण्डै ८६ प्रतिशत महिला सङ्गठनहरूले आफूले सेवा गरिरहेका समुदायमा लैङ्गिक हिंसा बढेको रिपोर्ट गरेका बताइएको छ। यो सङ्गठनले सहायता कटौतीले विनाशकारी परिणाम ल्याइरहेकोमा जोड दिएको छ।

“हिंसाबाट आश्रय खोजिरहेको महिला बन्द भएको आश्रय केन्द्रको ढोकामा पुग्न सक्छिन्; गर्भवती महिलालाई स्वास्थ्य क्लिनिक पुग्न घण्टौं हिँड्नुपर्ने हुन सक्छ; वा आमाले आफ्ना बच्चाहरूलाई खाना दिन अस्वीकार गर्नुपर्ने हुन सक्छ,” सङ्गठनले भनेको छ।

यी कटौतीहरूको प्रभाव केवल मानवीय प्रतिक्रियालाई कमजोर पार्नेमा मात्र सीमित नहुने सङ्गठनले जोड दिएको छ।

“महिला सङ्गठनहरूको विघटन कुनै खाली ठाउँमा होइन, बरु महिला र बालिकाहरूको अधिकारमाथि विश्वव्यापी प्रतिक्रियावादको विरुद्धमा भइरहेको छ,” यसले भनेको छ।

हरेक पाँचमा एक (२० प्रतिशत) सङ्गठनहरूले महिला नेतृत्व र लैङ्गिक समानता अघि बढाउने काम पहिले नै स्थगित गरेका छन् भने आधाभन्दा बढीले समुदायको नेतृत्व र स्थानीय निर्णय प्रक्रियामा महिलाहरूको सहभागिता घट्दै गएको देखेको सङ्गठनको दावी छ।

# सर्वोच्च अदालतमा साउन ११ देखि नियमित सुनुवाइ हुने




काठमाडौँ, २६ असार। सर्वोच्च अदालतमा आगामी साउन १ गतेदेखि ११ गतेसम्म नियमित सुनुवाइ नहुने भएको छ। प्रत्येक नयाँ आर्थिक वर्षमा लगत सार्न नियमित सुनुवाइ रोकिने अभ्यास हुँदै आएको हुनाले नियमित सुनुवाइ साउन ११ गतेबाट हुने भएको हो। यसअघि, दुई हप्ता नियमित सुनुवाइ नहुने अभ्यास थियो।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार साउन १ गतेदेखि ११ गतेसम्म बन्दी प्रत्यक्षीकरणका रिट निवेदनमा भने दर्ता तथा सुनुवाइ हुनेछ।

# दक्षिणपूर्वका मुलुकबाट ८३६ जना नेपालीको उद्धार

काठमाडौँ, २६ असार। सरकारले दक्षिणपूर्वका कम्बोडिया, म्यानमार, लावस र थाइल्यान्डको सीमा क्षेत्रबाट अनलाइन स्क्यामिङमा परेका ८३६ जना नेपालीको उद्धार गरिएको जनाएको छ।

परराष्ट्र मन्त्रालयको शुक्रबार आयोजित नियमित प्रेस ब्रिफिङमा मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलले कम्बोडियाबाट ७०९ जना, म्यानरमारबाट ११३ जना, लावसबाट आठ जना र थाइल्यान्डबाट ६ जनाको उद्धार गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “दक्षिण पूर्वका कम्बोडिया, म्यानमार, लावस र थाइल्यान्डको सीमा क्षेत्रमा सञ्चालित विभिन्न अनलाइन स्क्यामिङ सेन्टरहरूमा ठगिन पुगेका नेपालीको उद्धार तथा त्यस विषयमा सचेतनाका लागि निरन्तर समन्वय र पहल जारी राखेका छौँ।”

दूतावासको निरन्तर अनुरोधमा कम्बोडिया सरकारले भिसा अवधिभन्दा बढी बसेका नेपालीको भिसा शुल्क र जरिवाना मिनाहा गर्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

यस वर्ष कम्बोडिया सरकारले जम्मा ६०२ जनाको शुल्क मिनाहा गरेको प्रवक्ता पौडेलले बताउनुभयो। आर्थिक कूटनीतिलाई सघन रूपमा सञ्चालन गर्न आर्थिक वर्ष २०८१/०८२ मा भारत, चीन, अमेरिका, बेलायत, अस्ट्रेलिया, जापान, जर्मनी, बेल्जियम, दक्षिण कोरिया र यूएई गरी १० र यो वर्ष बाँकी १० देश गरी हाल २० वटा देशका लागि छुट्टाछुट्टै रणनीति तयार पारिएको पनि उहाँले बताउनुभयो।

मन्त्रालयले नेपाली नागरिकलाई सहज, सरल र प्रभावकारी राहदानी सेवा उपलब्ध गराउने उद्देश्यले परराष्ट्र मन्त्रालय र मन्त्रालयअन्तर्गत रहेको राहदानी विभाग प्रतिबद्ध रहेको पनि जनाएको छ।

राहदानी सेवालाई समय सापेक्ष, भरपर्दो र प्रविधिमैत्री बनाउन र नागरिकलाई सहजै सेवा उपलबध गराउन सरकारले राहदानी ऐन २०७६ को पहिलो संशोधनको विधेयकमा सर्वसाधारणको राय प्रतिक्रियाका लागि वेबसाइटमा राखिएको छ भने राय परामर्श एवं सहमतिका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पेस गरेको छ।

“छापिएका राहदानी शीघ्र सम्बन्धित जिल्ला र इलाका कार्यालयमा पुऱ्याउन हुलाक विभागसँग सहकार्य गर्ने विषयमा असार १९ गते सम्झौता सम्पन्न भएको छ, सोही दिनबाट उक्त सम्झौता लागू पनि भएको छ”, उहाँले भन्नुभयो।

मन्त्रालयले जनमैत्री सेवा प्रवाह गर्ने उद्देश्यअनुरूप जुनसुकै जिल्लाबाट पनि राहदानीका लागि आवेदन दिन सकिने व्यवस्थाका लागि आवश्यक प्रक्रिया सुरू गरेको छ। प्रवक्ता पौडेलले भन्नुभयो, “अर्थात् जो जहाँ बसेको भए पनि नजिकको जिल्ला वा इलाका प्रशासन कार्यालयबाट राहदानीका लागि आवेदन दिनसक्ने व्यवस्थाका लागि हाल काम भइरहेको छ।”

# ‘स्वतन्त्र तिब्बत’ को माग देशविरोधी

काठमाडौँ, २६ असार। देशको राजनीतिक व्यवस्था असफल पार्न, गोप्यता थाहा पाउन र आन्तरिक कलह मच्चाएर सरकार र राजनीतिक दललाई कमजोर बनाउन देश विदेशका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सञ्चालन भइरहेका छन्। कहिले आर्थिक सहयोग, कहिले विकासको जालो फ्याकेर त कहिले धर्मको नाउँमा साम्प्रदायिक भावना फैलाएर उनीहरूले युवाहरूलाई भड्काइरहेका हुन्छन्। धर्मको नाउँमा देशविरोधी र देश अलग्ग गर्ने कुरा फलाक्ने कुनै पनि राजनीतिक नेता र धार्मिक नेताहरूलाई सुहाउँदैन। नेपालमा बस्दै आएका तिब्बती समुदायले दलाई लामाको ९१ औँ जन्मदिनको अवसरमा नागार्जुन नगरपालिका वडा नं. २ स्थित नामग्याल विद्यालयमा मनाइएको कार्यक्रमले नेपालको कूटनीतिक क्षेत्र मात्र होइन नेपाली जनतामा तरङ फैलिएको छ।

चीनको स्वशासित क्षेत्र तिब्बतलाई अलग्ग देश बनाउन लागिपरेका दलाई लामाको जन्मोत्सव मनाएर तिब्बती समुदायले एक चीन नीतिको विरोध गरेको स्पष्ट हुन्छ। तिब्बतीहरू नेपाली भूमिमा बसेर स्वतन्त्रताको नाउँमा देश अलग्ग गर्ने कुरा फलाक्नु देशविरोधी कदम हो। कुनै पनि देशभक्त समूह या सङ्घ संस्थाले देश अलग्ग गर्ने कुरा गर्दैन; गर्नु हुँदैन। नेपालमा संविधानसभा निर्वाचनताका मधेसवादी दलका नेताले एक मधेस एक प्रदेश नभए देशै नरहने, नेपालको तराई क्षेत्र अलग्ग गर्ने र काठमाडौँ उपत्यकालाई आर्थिक नाकाबन्दी गर्ने चेतावनी दिएका थिए। आफ्नो दलको माग सरकारले पूरा नगर्दैमा देश नै अलग्ग गर्ने धम्की दिनु देशविरोधी कदम हो। देशविरोधी निर्णय गर्ने र असमान सन्धि-सम्झौता गर्नेहरू कारबाहीमा पर्नुपर्छ।

देशमा उपद्रव गर्न, आन्तरिक द्वन्द्व चर्काउन र द्वेष भावना फैलाउन नै प्रत्यक्ष या अप्रत्यक्ष रूपमा गुप्तचरहरू लागिरहेका हुन्छन्। यस्तो काममा विदेशी शक्ति राष्ट्रले अनेक जाल बुनिरहेको हुन्छ। विदेशी शक्ति राष्ट्रको उठबसमा चलेका कुनै पनि समूह या व्यक्तिहरूबाट सरकार चनाखो भएन; राजनीतिक दलका नेताहरू सचेत भएनन् भने देश गलत दिशामा जान बेर लाग्दैन। नेपाली भूमि प्रयोग गरेर एक चीन नीतिको विरोधमा लागेको देखिएकोले पूर्वराजदूतहरू चिन्तित भएका हुन्। पूर्वराजदूतहरू राजेश्वर आचार्य, महेन्द्र पाण्डे, टङ्क कार्की, महेश मास्के, लीलामणि पौड्याल, विष्णुपुकार श्रेष्ठ र कृष्णप्रसाद ओलीले एक चीन नीति र मित्रराष्ट्रविरूद्ध नेपालको भूमिबाट हुने गतिविधिको विरोध जनाएका छन्।

नेपालको विभिन्न गुम्बाहरूमा हुने गतिविधिमा धर्मको प्रचारभन्दा ‘स्वतन्त्र तिब्बत’ को नारा गुञ्जिएको हुन्छ। ‘स्वतन्त्र तिब्बत’ को नारा फलाकिएको सो कार्यक्रममा विदेशी राजदूतहरूको सहभागिताले पनि एउटा काम एउटा उद्देश्य रहेको स्पष्ट हुन्छ। ‘स्वतन्त्र तिब्बत’ को प्रचार गर्ने, प्रचार गर्न प्रेरित गर्ने र त्यस्तो कार्यक्रममा संलग्न कूटनीतिक निकायका व्यक्तिहरूले नेपालको परराष्ट्र नीतिको विरोधमा उभेको स्पष्ट हुन्छ। नेपालको परराष्ट्र मूल्य, मान्यता र असंलग्न परराष्ट्र नीतिको विरोधमा उभिने व्यक्तिहरूदेखि नेपाल सरकार गम्भीर हुनुपर्छ। दलाई लामाको जन्मोत्सव मनाउने कार्यक्रम कसको अनुमतिमा भएको हो, सोको छानबिन गरी सत्य तथ्य कुरा सरकारले सार्वजनिक गर्नुपर्छ; सार्वजनिक गरेर सचेत पार्नुपर्छ।

## समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.

महेश्वरीस्थान, भ.न.पा.-८, भक्तपुर, फोन नं.: ०१-६६१९३३२, ६६१९८४०

### धितो लिलाम बिक्रीसम्बन्धी ३५ दिने सूचना

प्रकाशित मितिः २०८३/०३/२७ गते

यस सहकारी संस्थाबाट तपसिलमा लेखिएका तपाईं ऋणी सदस्यद्वयले तपसिलमा लेखिएको दर्तावाला व्यक्तिको घरजग्गा धितो सुरक्षण राखी व्यवसायिक कर्जाको सावाँ ब्याज तिर्ने बुझाउने संस्थासँग गरिएको सर्तबमोजिम लिएको कर्जाको सावाँ ब्याज हर्जानालगायतका रकम नतिरी नबुझाई ऋण कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरी भाका नघाई बस्नुभएकोले पटकपटक मौखिक, टेलिफोन, मेसेज, पत्राचार र सूचनामार्फत कर्जा चुक्ता गर्न आउन ताकेता तथा सूचना गर्दा पनि तिर्न बुझाउन नआई कुनै चासोसमेत नदेखाई अटेर गरी बसी आएकोले मिति २०८२/०५/०५ गते ‘मजदुर’ दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउनेबारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित र मिति २०८२/१२/२१ गते ‘मजदुर’ दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउनेबारेको १५ दिने सूचना प्रकाशित गर्दासमेत कर्जा चुक्ता गर्न नआएको र कर्जा चुक्ता गर्न कुनै चासोसमेत नदिनुभएकोले तपाईं ऋणीहरूले यस संस्थामा तिर्नु बुझाउनुपर्ने सावाँ ब्याज हर्जानालगायतका अन्य लेना दैदस्तुरसमेत यस संस्थाको लेना रकम (सावाँ ब्याज र हर्जानासमेत सम्पूर्ण) असुलउपर गर्नका लागि धितो रहेको तपसिलमा उल्लेखित अचल सम्पत्ति लिन इच्छुक व्यक्तिहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र धितो लिलामसम्बन्धी शिलबन्दी बोलपत्र यस संस्थाको कार्यालय समयभित्र पेस गर्नुहुन सूचित गरिन्छ। सो सूचना प्रकाशित भएको मितिले ३६ (छतीस) औँ दिनमा वा सो दिन बिदा परेमा लगत्तै कार्यालय खुल्ने दिनमा यस संस्थाको मुख्य कार्यालय महेश्वरीस्थानमा दिनको ठीक १:०० बजे लिलाम डाँक बढाबढ गरी बिक्री गर्ने जानकारी सूचित गरिन्छ। लिलामसम्बन्धी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहने बेहोरासमेत सूचित गरिन्छ।

**तपसिल**

| क्र.स. | ऋणीको विवरण | ऋणीको फोटो | धितो दिनेको नाम थर र धितो सुरक्षणको घरजग्गा विवरण |
|---|---|---|---|
| १. | नामः किरण श्रेष्ठ<br>पिताको नामः हरिप्रसाद श्रेष्ठ<br>बाजेको नामः रत्नलाल श्रेष्ठ<br>सदस्यता नं. २३१२ |  | जग्गाधनीको नामः किरण श्रेष्ठ<br>पिताको नामः हरिप्रसाद श्रेष्ठ<br>घरजग्गाको विवरण :<br>भक्तपुर जिल्ला, कटुञ्जे, वडा नं. ८ (ख) स्थित कि.नं. २९०४<br>क्षे.फ. ०-२-२-० घरजग्गा र लिगापातसमेत पूरै। |
| २. | नामः इन्द्रप्रसाद कायष्ठ<br>पिताको नामः कृष्णप्रसाद कायष्ठ<br>बाजेको नामः मोतीचंख कायष्ठ<br>सदस्यता नं. १०९९ |  | जग्गाधनीको नामः किरण श्रेष्ठ<br>पिताको नामः हरिप्रसाद श्रेष्ठ<br>घरजग्गाको विवरण :<br>भक्तपुर जिल्ला, कटुञ्जे, वडा नं. ८ (ख) स्थित कि.नं. २९०४<br>क्षे.फ. ०-२-२-० घरजग्गा र लिगापातसमेत पूरै। |

**पुनश्च**: लिलाम बढाबढ गर्ने दिन बोलपत्रदाताहरू, ऋणी वा ऋणीका प्रतिनिधिलाई उपस्थित हुन यसै सूचनाबाट जानकारी गराइन्छ। यसै सूचनाबाट बोलपत्रदाताहरू, ऋणी र धितो मञ्जुरी दिने व्यक्तिलाई सूचना प्राप्त भएको मानिनेछ। धितो लिलामसम्बन्धी सर्त बन्देजहरूलगायतका विस्तृत विवरण संस्थाको सूचना पाटीमा टाँस गरिएको सूचित गरिन्छ। लिलाम बिक्रीसम्बन्धी बोलपत्र फाराम रू. १०००।- अक्षरेपी एक हजार रूपैयाँ तिरी संस्थाको कार्यालयबाट खरिद गर्न सकिनेछ।

## हार्दिक समवेदना



जन्म : २०३५/०३/१५
निधन: २०८३/०३/१७

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ६, याछेँ टोल बस्ने यस संस्थाका सदस्यता नं. ८१८४ का सदस्य **सारिका सिकेमन(हामो)** को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।

सावधानी अपनाऔं, बचौं र बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा